
# लेखापरीक्षण प्रतिवेदन

# मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख

महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/269

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
मानेभञ्ज्याङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

## कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१० करोड ६६ लाख ४७ हजार, स्वास्थ्य क्षेत्र सुदार कार्यक्रमको रु.७ लाख ५० हजार, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन रु.६ लाख ८०

हजार, गरीबसँग विश्वेश्वरको रु.६ लाख ९० हजार र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार निर्माणको रु.१ करोड ७७ लाख ८० हजार समेत गरी रु.१२ करोड ६५ लाख ४७ हजारसमावेश गरेको छैन।

२. गाउँपालिकाको रु.८९ करोड ३५ लाख, २३ हजार लेखापरीक्षण गरिएकोमा रू. १ करोड ८४ लाख ७१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया प्राप्त नभई बेरुजुमा असुल गर्नुपर्ने रू. ५ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ५७ लाख २५ हजार र नियमित गर्नुपर्ने रु.२२ लाख १८ हजार रहेको छ। गत वर्षसम्म रु.८ करोड ८८ लाख ८८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ७३ लाख ५९ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।
लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने मानेभञ्ज्याङ गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **मानेभञ्ज्याङ** गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित

आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७२ | ९३ | १,८४,७१,३८६ | ० | ० | ० | ० | ७२ | ९३ | १,८४,७१,३८६ | ५,२७,४९१ | २२,१८,४४० | १,५७,२५,४५५ | ० | ० | १,७९,४३,८९६ | ० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुंगा | ८,८८,८८,००० | 0 | 0 | ८,८८,८८,००० | 0 | १,८४,७१,३८६ | १०,७३,५९,३८६ |

# (८०११०५०४३०० - मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा )

## परिचय

१

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह –अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९वडा रहेको छ भने क्षेत्रफल १४६.६१ वर्ग किलोमिटर तथा १९ हजार ५ सय ९७ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५। २१ देखि २०८१ ।५।२५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय – व्ययतर्फ जम्मा रु.८९,३५,२२,६७८.५४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ३५२४५ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास तालिम कार्यक्रमा सञ्चालन गर्दा प्रशिक्षक र प्रतिवेदन भत्तामा बढी भुक्तानी असुल गरी बैंक दाखिला भौचर पेस भएको । | ३५२४५ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ **वित्तीय बिबरणको परीक्षण** -

२.१ वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन | | | |
|---|---|---|---|
| **क्र.स./आर्थिक सङ्केत** | **विवरण** | **चालु आ.ब.को जम्मा कारोबार** | **गत आ.ब. को जम्मा कारोबार** |
| | **राजस्व, अनुदान र अन्य प्राप्ति** | | |
| ११००० | कर | ८,०६,९५,९५४.४८ | ७,३५,०६,२४०.४२ |
| १३००० | अनुदान | ३३,२९,१५,१४५.०४ | ३२,३७,९२,४७९.८० |
| १४००० | अन्य राजस्व | ३०,९३,६९०.७६ | ४५,२०,८४०.९२ |
| क | **कुल जम्मा प्राप्ति** | ४१,६७,०४,७९०.२८ | ४०,१८,१९,५६१.१४ |
| ३ | चालु | ३२,२५,२१,६७७.६८ | २८,४५,५५,७८९.५८ |
| २१००० | पारिश्रमिक / सुविधा | १९,०४,१३,८४६.६८ | १८,६१,९८,९३४.५८ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ९,५७,५५,८२५.०० | ७,००,२६,०६१.०० |
| २५००० | सहायता (Subsidy) | २,५३,००,६९७.०० | २,०९,९९,००६.०० |
| २७००० | सामाजिक सुरक्षा | ७४,७१,४७५.०० | ६५,८३,४१६.०० |
| २८००० | अन्य खर्च | ३५,७९,८३४.०० | ७,४८,३७२.०० |
| ४ | पूंजीगत | १३,४३,७३,७४३.०० | १३,४५,०५,०२२.०० |
| ३१११० | भवन तथा संरचना | ३,०३,२९,०४०.०० | ३,०५,४३,९९४.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ५३,३२,६६७.०० | ७५,१८,२५४.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | ७,९१,३५७.०० | ३९,६१,९४६.०० |
| ३११५० | सार्वजनिक निर्माण | ९,७९,२०,६७९.०० | ८,७८,९३,५०९.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ०.०० | ३५,०२,४५९.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | १०,८४,८६०.०० |
| ख) | **कुल जम्मा भुक्तानी** | ४५,६८,९५,४२०.६८ | ४१,९०,६०,८११.५८ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (४,०१,९०,६३०.४०) | (१,७२,४१,२५०.४४) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | (४१,४३,०६५.५२ | २६,७९,६७५.०९ |
| घ.१) | **कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी** | | |
| ङ) | **यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ)** | (३,६०,४७,५६४.८८) | (१,४५,६१,५७५.३५) |
| च) | **गत आ.व.को नगद तथा बैंक मौज्दात** | ७,४७,२९,१८३.३२ | ८,९२,९०,७५८.६७ |
| छ) | **विनिमय नाफा/घाटा तथा अन्य समायोजन** | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ३,८६,८१,६१८.४४ | ७,४७,२९,१८३.३२ |

२.२

कोषहरुको प्राप्ती, भुक्तानी र बाँकीको विवरण - पालिकाले प्राप्त तथा भुक्तानी गरेको धरौटी तथा सञ्चालन गरेका कोषहरुबाट भएको प्राप्ती तथा भुक्तानी देहाय अनुसार छः

| संकेत | कोष हिसाबको नाम | शुरु मौज्दात | प्राप्ति | भुक्तानी | बाँकी |
|---|---|---|---|---|---|
| ग ३.१ | स्थानीय तह धरौटी खाता | ५८,२४,३५४.७१ | ३४,८४,४९६.०० | ७,४१,६६४.०० | ८५,६७,१८६.७१ |
| ग ५.१ | स्थानीय तह विविध कोष खाता | ६,६३,३०२.०९ | ८०,४८,२७०.५५ | ६७,४२,१८३.०३ | १९,६९,३८९.६१ |
| ग ७.२ | स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६,५१,७३९.८६ | ५,००,०००.०० | ४,०५,८५४.०० | ७,४५,८८५.८६ |
| जम्मा | | ७१,३९,३९६.६६ | १,२०,३२,७६६.५५ | ७८,८९,७०१.०३ | १,१२,८२,४६२.१८ |

२.३ वित्तीय विवरणको यथार्थता - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ ।अन्तरसरकारी अख्तियारी समेतको एकीकृत कारोबार देखिने गरी स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची १४ तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१०,६६,४७,२४३, स्वास्थ्य क्षेत्र सुदार कार्यक्रमको रु.७,५०,०००, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन ६,८०,०००, गरीबसँग विश्वेश्वरको रु.६,९०,००० र स्थानीय तह प्रशासकीय भवन पूर्वाधार निर्माणको रु.१,७७,८०,०३३ समेत गरी रु.१२,६५,४७,२७६ (म.ले.प.फा.नं २७०) को अनुसूची १४ लेखाङ्कन गरेको छैन । जसले गर्दा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ पालिकाले सबै आर्थिक कारोबारको यथार्थ अवस्था देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२.४ फरक हिसाब – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.१५,७८,२६,३३४.९१,यस वर्षको भुक्तानी रु. १५,७८,५५,१३०.९६र बैङ्क मौज्दात रु. ३६,२४४.२२ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **विवरण** | **गतवर्षको जिम्मेवारी** | **यसवर्षको प्राप्ति** | **यसवर्षको भुक्तानी** | **बैङ्क मौज्दात** |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | ७,४७,२९,१८३.३२ | ४२,८७,३०,१०८.६६ | ४६,४७,८५,१२१.७१ | ३,८६,८१,६१८.४४ |
| एकीकृत आर्थिक विवरणअनुसार | ७,४७,२९,१८३.३२ | ५८,६५,५६,४४३.५७ | ६२,२६,४०,२५२.६७ | ३,८६,४५,३७४.२२ |
| फरक | ० | १५,७८,२६,३३४.९१ | १५,७८,५५,१३०.९६ | ३६,२४४.२२ |

२.५ बैङ्क हिसाब विवरण - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

| खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| स्थानीय तह सञ्चित कोष खाता | २,७३,६२,९१२.०४ | २,७३,६२,९१२.०४ | ० |
| चालु खर्च खाता | ० | ० | ० |
| पुँजीगत खर्च खाता | ० | ० | ० |
| विविध खर्च खाता | १९,६९,३८९.६१ | १९,६९,३८९.६१ | ० |
| प्रकोप व्यवस्थापन खाता | ७,४५,८८५.८६ | ७,४५,८८५.८६ | ० |
| स्थानीय विभाज्य कोष | ० | ० | ० |
| कर्मचारी कल्याण कोष खाता | ० | ० | ० |
| धरौटी | ८५,६७,१८६.७१ | ८५,६७,१८६.७१ | ० |
| ग१.१, आन्तरिक राजस्व खाता | ७,०००.३८ | ० | ७,०००.३८ |
| ग१.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० | ० |
| जम्मा | ३,८६,५२,३७४.६० | ३८६४५३७४.२२ | ७,०००.३८ |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ । स्रेस्ता अनुसार रु.३,८६,५२,३७४.६० बैंक मौज्जात देखाएकोमा बैङ्क अनुसार रु. ३८६४५३७४.२२ मौज्दात देखिकोले फरक परेको रु.७,०००.३८ पालिकाले एकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,००० |

२.६ सञ्चित कोषमा जम्मा (ट्रान्सफर) - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको आन्तरिक राजस्व खातामा रु.७,०००.३८ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

३ **आन्तरिक नियन्त्रण प्रणाली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,

• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख PAMS मा र पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएअनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता (म ले प फा नं ५०७) र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एबं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांशतः पालना भएको पाईएन,

• वातावरण संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाईएन,

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन तथा नियमावली अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• फोहोरमैला व्यबस्थापन सचेतना कार्यक्रम संचालन गरेको पाइएन त्यस्तै फोहोर मैला बर्गीकरण, संकलन, ढुवानी तथा उत्सर्जनका कार्य व्यबस्थितरुपमा गरेको पाइएन भने स्थाई तथा वातावरण मैत्री डम्पिङ साइटको व्यबस्था गरेको पाईएन,

• निजामती सेवा ऐन, २०४९ बमोजिम सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण वनाई लागु गरेको पाईएन,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सोअनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख व्यबस्थापन गरेको पाईएन,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु. ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन ,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सोको अभिलेख राखेको पाईएन,

• सार्वजनिक सम्पत्ति व्यवस्थापनका लागि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) पूर्णरुपमा लागु गर्नुपर्नेमा नगरेको कारण पालिकाको सम्पूर्ण सार्वजनिक सम्पती तथा सोको मौद्रिक मूल्य सम्वन्धमा एकिन गरेको पाइएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकांश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• राजस्व संकलन सम्बन्धमा सूचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन, स्थानीय राजस्व व्यवस्थापन सूचना प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्नेगरी पूर्णरुपमा कार्यान्वियनमा आएको पाइएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• दिगो विकास योजना (सन २०१६-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मूल्याङ्कन गर्ने कार्य भए गरेको पाईएन,

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राख्नु पर्नेमा राखेको पाईएन,

• नेपाल सरकार अर्थमन्त्रालयको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८०।८१ को दफा ६१ मा व्यवस्था भएअनुसार निर्माण व्यवसायी, आपूर्तिकर्ता र सेवा प्रदायक लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खातामा विधुतिय प्रणाली मार्फत गर्नुपर्नेमा पूर्णरुपमा कार्यान्वयन गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले सञ्चालन गर्ने भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको विभिन्न नर्म्स प्रयोग गरेकोमा कार्यपालिकाबाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुनेगरी स्वीकृत र प्रयोग गरेको देखिएन ।

तसर्थः आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।

४ **आन्तरिक लेखापरीक्षण** -

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

५ **बजेट पेश, पारित र अख्तियारी** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।३।१० मा रु.५० करोड ११ लाख ९६ हजार ९ सय १५ को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

६ **बजेट सीमा निर्धारण समिति** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

७ **बजेट तथा कार्यक्रम तर्जुमा** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

८ **आवधिक योजना –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

९ **रकमान्तर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ अनुसार कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शिर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । पालिकाले सभा तथा कार्यपालिकाको निर्णयबाट यस वर्ष बेलखोला सिँढी निर्माण , दुग्ध चिस्यान केन्द्र स्थापना, ओखरबोट लिफ्टिङ खानेपानी पाईप खरिद र खानेपानी टंयाकी निर्माण लगायत २५ योजनाबाट रु. ५३ लाख लेखटार पार्क कृषि बजार निर्माण, पाईप खरिद, हिल टंयाकी खरिद र मोटरसाईकल खरिद लगायतका योजनामा रकमातर गरेको पाइयो । बर्षभरी रकमान्तर गर्दा आर्थिक अनुशासन पालना नहुने र बजेट कार्यान्वयन समयावधिको कारण खर्च उपलब्धी सार्थक हुने देखिदैन। ऐनमा भएको व्यवस्था विपरीत आवश्यकता अनुसार रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

१० **क्षेत्रगत बजेट र खर्चको स्थिति -**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत जम्मा खर्चको तुलनामा** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४०१९९००० | २९२३२८५६ | ६.४ |
| २ | पूर्वाधार विकास | ७९२६०००० | ६३४६३३७५ | १३.८९ |
| ३ | सामाजिक विकास | ३१७९०१५०१ | २८४७६३९०२.०४ | ६२.३३ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १५१२१००० | १३६२२९२६ | २.९८ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | ८६१८०२०० | ६५८१२३६१ | १४.४० |
| **जम्मा** | | **५३८६६१७०१** | **४५६८९५४२०.६८** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ६२.३३ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.९८ प्रतिशत रहेको छ ।

११ **त्रैमासिक पूँजीगत खर्च -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १३,४३,७३,७४३ | ४२,१२,९१७ | १,८९,०७,५४५ | १,९७,३७,२४४ | ९,१५,१६,०३७ | ४,७४,०६,७७२ |
| प्रतिशत | १०० | ३ | १४ | १५ | ६८ | ३५.२८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१३,४३,७३,७४३निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ४२,१२,९१७ (३ प्रतिशत), दोस्रो त्रैमासिकमा रु. १,८९,०७,५४५ (१४ प्रतिशत), तेस्रो त्रैमासिकमा रु. १,९७,३७,२४४ (१५ प्रतिशत) र चौथो त्रैमासिकमा रु. ९,१५,१६,०३७ (६८ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ४,७४,०६,७७२ (३५.२८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढी सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

१२ **खर्च बिश्लेषण** -

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ५३,२२,३६३.२७ राजस्व बाँडफाँड र अनुदानबाट रु.४१,१३,८२,४२७ समेत रु. ४१,६७,०४,७९० आम्दानी भएकोमा चालु तर्फ रु. ३२,२५,२१,६७७.६८ र पूँजिगत तर्फ रु. १३,४३,७३,७४३.०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १.१६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६६,४८,००० खर्च भएको छ जुन आन्तरिक आयको १२५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७ प्रतिशत चालु र ३३ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१३ **गत वर्षको भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित तथा यस वर्षको बजेटमा समेत गत वर्षको भुक्तानी दिन बाँकी विवरण समाबेश गरेर रु.७० लाख भुक्तानी दिएको छ।पालिकाले बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वको मात्र भुक्तानी दिन बाँकी खाता तथा कच्चावारी प्रमाणित गरी भुक्तानी दिनु पर्दछ ।

१४ **यस वर्षको भुक्तानी दिन बाँकी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ ।पालिकाले आर्थिक वर्ष २०८०।८१ मा बिभिन्न १० योजना तथा कार्यक्रमको रु.३० लाख ११ हजार भुक्तानी दिन बाँकी रहेको बिबरण पेस गरेको छ । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखियो।अतः बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।

१५ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने

व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१६ **भ्रमण खर्च** -

भ्रमण खर्च नियमावली, २०६४ तथा मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ बमोजिम पालिकाको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च वापत रु.२१,७२,७०० भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्: • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको,

• पालिकाले म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको,

• भ्रमण पश्चात म.ले.प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेस नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको,

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,

• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको,

तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१७ **प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैँटौ, सहायक पाँचौ (प्रशासन र लेखा ) खा.पा.स.टे सहित १३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१८ **तलवी प्रतिवेदन** -

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ २८ कर्मचारीको रु.१ करोड ७४ लाख ९० हजार र पालिकाका २७ कर्मचारीको रु.१ करोड ७३ लाख ९९ हजार समेत रु.३ करोड ४८ लाख ८९ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१९ **कर्मचारी व्यवस्था** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले उल्लेखित पदहरुमा बाहेक १ जना असिस्टेन्ट सव ईन्जिनियरलाई करारमा नियुक्त गरी तलव भत्ता रु. ४,३७,७२६ भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

२० **सार्वजनिक परीक्षण** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको

पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२१ **न्यायिक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १० र यो वर्ष थप भएको २२ गरी कुल ३२ विवाद दर्ता भएकोमा २२ वटा मात्र फर्स्योट भई १० बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

२२ **कानून निर्माण र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १७ वटा ऐन, २ वटा नियमावली, ३५ कार्यविधि लगायत ५४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । निर्माण भएका कानूनहरुको प्रभावकारी रुपमा कार्यान्वियन गर्नुपर्दछ ।

२३ **जिन्सी निरीक्षण -**

२३.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पूर्ण रुपमा कार्यान्वयनमा ल्याएको पाईएन ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ ।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

•पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

२३.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कार्यालय प्रमुखले कार्यालयमा प्राप्त जिन्सी मालसामानको विवरण र मूल्य खुलाई ७ दिन भित्र आम्दानी बाँधि लगत अधावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न बमोजिम खरिद गरेको सामाग्रीको जिन्सी दाखिला गरेको प्रमाण संलग्न नगरेकोले नियमावली बमोजिम जिन्सी आम्दानी बाधेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असुल गर्नुपर्ने रु.

| **भौचर नं र मिति** | **सप्लायर्स** | **सामान** | **रकम** |
|---|---|---|---|
| ३६।०८१।०३।२४ | नियुक्ति इलेक्ट्रोनिक्स | स्पिकर खरिद | १८९९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १८,९९० |

२३.३ (२०८/२०८१-३-२३):

कक्षाकोठा कार्पोटिङ - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेरमात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले १३ वटा विद्यालयको लागि कार्पेटिङ्, डोरम्याट चकटी तथा राउण्ड टेबल खरिद गरेकोमा उक्त सामाग्री २ विद्यालयमा वितरण गर्न बाँकी रहेको जनाएको छ । उक्त सामाग्री १३ वटा नै विद्यालयलाई पाम्सबाट हस्तान्तरण तथा वितरण गरेको भरपाई पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६४,९०० |

२४ **सहकारी नियमन** -

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ३१ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

२५ **वार्षिक खरिद योजना/गुरुयोजना** -

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३,४३,७३,७४३.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

२६ **विविध तथा सभा सञ्चालन खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ रु. ३२,२७,२८४ र सभा सञ्चालनमा रु. २,३१,४७० गरी जम्मा रु.३४,५८,७५४ खर्च गरेको छ ।उक्त खर्च पालिकाको आन्तरिक आय रु. ५३,२२,३६३.२७ को ६५ प्रतिशत हुन आउछ ।विविध खर्च सम्बन्धित केही उदाहरण तपसिल बमोजिम रहेका छन। यस्ता खर्चमा मितव्ययीता कायम गर्नुपर्दछ ।

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी पाउनेको नाम | विविध खर्च सम्बन्धित व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | ८,२०८०/५/२६ | राते तुली एग्रो टुरिजम प्रा.लि | खाना, खाजा, कफी र चियाको बिल मात्र संलग्न | १७५५७२ |
| २ | ५८,२०८०/६/२३ | एक्स आर्मी होटल | खाजा खनाको बिलमात्र | ६०८८५ |
| ३ | ७४,२०८०/६/२७ | सौगात स्टोर एण्ड सप्लायर्स | चामल, बेसार र नुनको बिल पेश | ४३२४० |
| ४ | १२७,२०८०/७/२३ | काजी पराजुली र गणेश विष्ट | प्रहरी चौकी हर्कपुर र केतेकुलाई वडा दँशै मौलो पुजा वापत खर्च उल्लेख गरी निवेदनका आधारमा मात्र भुक्तानी भएको | २०००० |
| ५ | २१८,२०८०/९/१६ | एक्स आर्मी होटल | गाडी बनाउने मिस्त्रीलाई खाना र खाजा | ५०१३५ |
| ६ | ८२७,२०८१/३/२४ | राते तुली एग्रो टुरिजम प्रा.लि | खाना, खाजा, चिया, हटलेमन र क्यापाचिनो बिल मात्र पेश | ३६७१५६ |

२७ **आर्थिक सहायता -**

२७.१ पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी ७७ जना व्यक्तिहरुलाई रु.५,००० देखि रु.२,००,००० सम्म गरी कुल रु.१४,१३,९०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु. ५३,२२,३६३.२७ को प्रतिशत २६.६० हुन आउँछ । कार्यविधिले तोकेभन्दा बेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनुपर्दछ।पालिकाले सहायता पाउने केही लाभग्राहीको निवेदनबाहेक अन्य अभिलेख व्यवस्थित राखेको छैन । पालिकाले आन्तरिक आम्दानी विश्लेषण गरी सहायता दिनु पर्दछ ।केही उदाहरण तपसिलबमोजिम रहेका छन ।

| क्र.स | गो.भौ.नं र मिति | भुक्तानी पाउनेको नाम | सहायता दिनुको कारण | रकम |
|---|---|---|---|---|
| १ | गा.पा चालु १२,२०८०/५/२६ | बाहिङ किरात मुलुखिम | बाहिङ नेपाली शब्दकोश छपाईका लागि | १५०००० |
| २ | गा.पा चालु ६१४,२०८१/३/६ | दुन्दु मेला कार्यक्रम | दुन्दु मेला कार्यक्रम आयोजना | ५०००० |
| ३ | गा.पा चालु ६१५,२०८१/३/६ | गम्बे सार्की | अस्पताल सम्म पुग्नको लागि खर्च | १५००० |
| ४ | गा.पा पूजीँगत २७९,२०८१/१/२१ | अमृत बहादुर राई र छल माया बस्नेत | २०७२ सालको भुकम्पबाट क्षेतिग्रस्त भएको घर राष्ट्रिय पुन निर्माण प्राधिकरणले पटक पटक निवेदन दिँदा समेत भुक्तानी नदिएको उल्लेख गरी निवेदनका आधारमा मात्र रु.२ लाख का दरले ४ लाख भुक्तानी | ४००००० |

२७.२ मानेभन्ज्याङ गाउँपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि,२०८० को परिच्छेद २ को बुँदा नं ९ मा सामाजिक क्षेत्रको कार्यमा सहयोग पुर्याउन विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने संघ संस्थालाई सहयोग स्वरुप निवेदन पेश हुन आई मनासिव देखिएमा एकमुष्ट रुपमा बढीमा रु.१० हजार सम्म आर्थिक सहायता दिन सकिने र बुँदा नं १० मा बाढी पहिरो आगलागि भूकम्प महामारी लगायतका विपद्बाट प्रभावित आर्थिक रुपमा विपन्न व्यक्तिहरुको दैनिक जीवन निर्वाह एवम् आवास व्यवस्थापनको लागि गाउँपालिकामा निवेदन पेश गरेमा निवेदन मनासिव देखिएमा प्रति परिवार राहत स्वरुप रु.३ हजार देखी रु.१० हजार सम्म उपलब्ध गराउन सकिने व्यवस्था छ ।

पालिकाले तपसिलबमोजिम आर्थिक सहायता उपलब्ध गराउँदा कार्यविधिले तोकेभन्दा बढी आर्थिक सहायता उपलब्ध गराएको हुँदा अनियमित देखिएको रु.

| क्र.स | गो.भौ.नं र मिति | आर्थिक सहायता लिनेको नाम | कार्यविधि अनुसार पाउनुपर्ने | पाएको रकम रु. | फरक रकम रु. |
|---|---|---|---|---|---|
| १ | गा.पा चालु १२,२०८०/५/२६ | बाहिङ किरात मुलुखिम | १०००० | १५०००० | १४०००० |
| २ | गा.पा चालु ६१४,२०८१/३/६ | दुन्दु मेला कार्यक्रम | १०००० | ५०००० | ४०००० |
| ४ | गा.पा पूजीँगत २७९,२०८१/१/२१ | अमृत बहादुर राई | १०००० | २००००० | १९०००० |
| ५ | गा.पा पूजीँगत २७९,२०८१/१/२१ | छल माया बस्नेत | १०००० | २००००० | १९०००० |
| **जम्मा** | | | | | **५,६०,०००** |

| | |
|---|---|
| अनियमित भएको | ५,६०,००० |

२८ **सफ्टवेयर खरिद -**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३ मा सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिमाण र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरी गर्नु पर्ने साथै नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ ।पालिकाले सिफारिस, राजस्व, दर्ता चलानी, योजना र अपाङ्ग तथा जेष्ठ नागरिक परिचय पत्र ई- गभर्नेस कार्य गर्ने सफ्टवेयर नेटवर्क एसोसिएट्सबाट खरिद गरी मिति २०८०/३/२३ मा रु. ७ लाख भुक्तानी गरेको विवरण पेस भएको छ ।सफ्टवेर खरिदको आवश्यकता लागत अनुमान त्यसको पूर्ण प्रयोग, उक्त सफ्टवेरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत र सफ्टवेरको अडिट गरेको छैन । साथै उक्त सफ्टवेयरबाट योजनाको बाहेक अन्य कार्य सुरु गरेको पाईएन । तसर्थ यस्ता सफ्टवेयर खरिद र प्रयोगको खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाह सँग आबद्ध गराउने व्यवस्था मिलाउनु पर्दछ ।

२९ **फोहरमैला व्यवस्थापन -**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

३० **ठेक्का अभिलेख -**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३१ **अनुदान फिर्ता –**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१)

अनुसार २०८१ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम रु. ३९,४५३,४९६ सम्बन्धित निकायमा फिर्ता मिति २०८१।३।३० गरेको पाइयो ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम |
|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | २३ ७६३३००० | २१०७६९२३३.०४ | २६८६३७६६.९६ |
| | विषेश | ११ ५०००००० | ९४६५४२० | २०३४५८० |
| | समपुरक | ६०००००० | ५४४४८५२ | ५५५१४८ |
| | **जम्मा** | **२५५१३३०००** | **२२५६७९५०५** | **२९४५३४९४** |
| **प्रदेश सरकार** | शसर्त | ९९७८००० | ९०८१४९५ | ८९६५०५ |
| | विषेश | | | |
| | समपुरक | १०००००००० | ९०४२१४५ | ९५७८५५ |
| | **जम्मा** | १९९७८००० | ९०४२१४५ | १८५४३६० |
| | **कूल जम्मा** | **२६५१३३०००** | **२३५६७९५०६** | **३१३०७८५४**.९६ |

३२ **पेश्की बाँकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाको यस आर्थिक वर्षमा पेश्की बाँकी नरहेपनी गत विगत वर्षको फस्योंट गर्ने बाँकी पेश्की रकम रु. ३०,११,२६१ को अभिलेख व्यवस्थित गरी फस्यौंट गर्नुपर्दछ ।

३३ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| सम्पतीकर | ०.०० | २२८.८० | २२८.८० |
| भुमिकर/मालपोत | ४,००,०००.०० | ६,७३,२७७.०० | १६७ |
| वहालकर | ३,००,०००.०० | ६,७०,१७०.१० | २२३ |
| व्यवसायलेभुक्तानीगर्ने | ०.०० | १,०००.०० | १००० |
| कृषितथापशुजन्यवस्तुकोव्यावसायिककारोवारमालाग्नेकर | ०.०० | ८००.०० | ८०० |
| अन्यकर | १५,००,०००.०० | १५,८९,८४४.४२ | १०६ |
| सरकारीसम्पत्तीकोवहालबाटप्राप्तआय | ५,००,०००.०० | ४,२८,८२३.०० | ८६ |
| अन्यस्रोतबाटप्राप्तरोयल्टी | ०.०० | ४०,३०६.०० | ४०,३०६. |
| कृषिउत्पादनकोबिक्रीबाटप्राप्तरकम | ०.०० | १,०००.०० | १,००० |
| अन्यबिक्रीबाटप्राप्तरकम | ३,००,०००.०० | २,०००.०० | ०.६७ |
| अन्यसेवाशुल्कतथाबिक्री | ३०,००,०००.०० | ०.०० | ० |
| न्यायिकदस्तूर | ०.०० | ५,४१०.०० | ५,४१०.०० |
| परीक्षाशुल्क | ०.०० | १२,७५०.०० | १२,७५०.०० |
| अन्यप्रशासनिकसेवाशुल्क | ३,५०,०००.०० | १,९०,८००.०० | ५४.५१ |
| नक्सापासदस्तुर | ०.०० | १७,०००.०० | १७,०००.०० |
| सिफारिशदस्तुर | ३,००,०००.०० | २,९६,७६३.६६ | ९८.६८ |
| व्यक्तिगतघटनादर्तादस्तुर | १,५०,०००.०० | १,८२,३००.०० | १२१ |
| नाताप्रमाणितदस्तुर | १,००,०००.०० | ३४,५००.०० | ३४.४ |
| अन्यदस्तुर | ०.०० | ६१,०००.०० | ६१,००० |
| व्यावसायरजिष्ट्रेशनदस्तुर | ६,००,०००.०० | ५,६०,३४०.०० | ९३.३१ |
| जलस्रोतसम्बन्धीअन्यदस्तुर | ०.०० | २४,२००.०० | २४,२०० |
| अन्यराजस्व | ३,००,०००.०० | ५,२९,८५०.२९ | १७६.६१ |
| **जम्मा** | ७८,००,००० | ५३,२२,३६३.२७ | ६८.२३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

३४ **व्यवसाय कर -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर वापत रु. ५,६१,३४० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय

कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

३५ **मूअकर दाखिला नभएको -**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को १५(३) मा मूल्य अभिवृद्धि कर लाग्ने वस्तुको बिक्री गर्दा मूल्य अभिवृद्धि कर असुल गरी बेदर्तावालाबाट सङ्कलन गरिने राजस्व शिर्षक नं.३३११७ मा दाखिला गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएका छन्:

३५.१ जडिबुटी, कवाडी र जिवजन्तु संकलन - गाउँपालिकाले यस वर्ष जडिबुटी, कवाडी र जिवजन्तु संकलन तथा ओसारपोसारमा कर लगाउने प्रयोजनका लागि रु.४९९४३७।४० (मू अ कर समेत)को आय अनुमान तयार गरी ठेक्का आव्हान गरेकोमा सबैभन्दा वढि रकम रु.१४६९०००।०० (मू अ कर समेत) वार्षिक कबोल वाला श्रेष्ठ विल्डर्स सँग सम्झौता भई उक्त पुरै रकम दाखिला भएता पनि सो वापत प्राप्त मू अ कर रकम रु.१६९०००।०० स्थानीय संचितकोषमै रहेकोले उक्त रकम मू अ कर खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६९,००० |

३५.२ ढुंगा, गिट्टी, बालुवा संकलन - गाउँपालिकाले यस वर्ष ढुंगा, गिट्टी, बालुवा संकलन तथा विक्रिवितरणका लागी रु.१३१६३९०।७० (मू अ कर समेत) आय अनुमान गरी ठेक्का आव्हान गरेकोमा व्यवसायी श्री भरोसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि सँग (मू अ कर समेत रु.१३२००००।०० मा सम्झौता भई मु.अ. कर बाहेक रु.११६८१४२ मात्र असुल भएकोमा के कति परिमाणमा संकलन भयो सोको अभिलेख राखेको नदेखिएको साथै मू अ कर दाखिला भएको नदेखिएकोले सोको मू अ कर रु.१५१८५८ दाखिला गरेको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,५१,८५८ |

३६ **आन्तरिक आय -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३२०७२२०४६.०४ | ५३,२२,३६३.२७ | १.६६ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.६६ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

३७ **हेभी उपकरण -**

पालिकामा रहेको १ वटा डोजरको आम्दानी र खर्चको अभिलेख छुट्टाछुट्टै नराखेको कारण उक्त सवारीको मर्मत तथा ईन्धनमा भएको खर्च र आम्दानी रकम सम्बन्धमा विश्लेषण गर्न सकिएन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । दिगो रुपमा संचालनका लागि कार्यविधि तथा मापदण्ड तय गरी व्यवस्थित अभिलेख राख्नुपर्नेमा सो अनुसार भएको पाइएन । पालिकाले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्नुपर्दछ ।

३८ **आय अनुमान -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ

मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७८ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.५३ लाख २२ हजार ३ सय ६३ अर्थात अनुमान भन्दा प्रतिशत ३२ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

३९ **खर्चमा मितव्ययीता** -

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले विनियोजन गरेका विभिन्न खर्च शिर्षकको रकमहरु खर्च गर्दा मितव्ययी एंव उपलब्धीपूर्ण तरिकाले खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सम्बन्धी खर्च., इन्धन खर्च, भ्रमण खर्च, अनुगमन मुल्याङ्कन खर्च सवारी मर्मत खर्च, सभा सञ्चालन खर्च र विविध खर्चमा रु. १,८४,९०,०९६ खर्च लेखेको छ । इन्धन खर्चको लगबुक, मेशिनरी तथा औजार मर्मत र सवारी मर्मत खर्चको अभिलेख, भ्रमण खर्चको खाता अद्यावधिक नगरेको, भ्रमण प्रतिवेदन पेश नगरेको सभा सञ्चालन खर्च र विविध खर्च समेतमा प्रयोजन नखुलाई निम्नानुसार खर्च भएको हुँदा उक्त खर्च मितव्ययी छ भन्न सक्ने अवस्था देखियन । पालिकाले खर्चमा मितव्ययीता कायम गर्न वजेट तय गर्दा देखि नै ध्यान दिई सोही अनुसार खर्च गर्नुपर्दछ ।

| **क्र.स** | **खर्च शिर्षक** | **रकम** |
|---|---|---|
| १ | मसलन्द तथा कार्यालय सम्बन्धी खर्च | ३५७४७०७ |
| २ | भ्रमण खर्च | २१७२७०० |
| ३ | इन्धन खर्च पदाधिकारी र कार्यालय प्रयोजन समेत | ३८९०२८६ |
| ४ | विविध खर्च | ३२२७२८४ |
| ५ | सभा सञ्चालन खर्च | २३१४७० |
| ६ | अनुगमन मुल्याङ्कन खर्च | १८८०५०० |
| ७ | मर्मत खर्च | ३५१३१४९ |
| **जम्मा** | | **१,८४,९०,०९६** |

४० **वडागत खर्च** -

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले प्रत्येक वडालाई विविध खर्च प्रयोजनका लागि विनियोजन गरेको रकम अनुसार वडाहरुले गरेको खर्च देहायबमोजिम रहेको छ ।

| वडा नं | खर्च रकम |
|---|---|
| १ | २००००० |
| २ | ११३५४८ |
| ३ | १५०००० |
| ४ | १५०००० |
| ५ | १७१९१० |
| ६ | १००००० |
| ७ | १००००० |
| ८ | १५०००० |
| ९ | १००००० |
| **जम्मा** | **१२,३५,४५८** |

वडाले पेश गरेको बिल भरपाई अनुसार पालिकाले भुक्तानी गरेकोमा वडाले खरिद गरेका सामाग्रीहरुको एकिकृत रुपमा पाम्समा दाखिला नभएको, सवारीसाधन मर्मत अभिलेख नराखेको, कतिपय खरिद गरेका सामाग्रीहरुको उद्वेश्य नखुलेको तथा खर्चको प्रयोजन खुल्न नसकेको , ईन्धन खर्चको लगबुक नराखेको, विविध खर्चमा बिलमात्र संलग्न गरेको, भ्रमण अभिलेख नराखेको र भ्रमणको उदेश्य नखुलेको देखिन्छ साथै भुक्तानी गर्दा सम्बन्धित पाटीको नाममा भुक्तानी नगरी वडा सचिवको नाममा भुक्तानी गरेको पाईयो । अत: पालिकाले माथि उल्लिखित व्यहोराहरुमा सुधार गरी मितव्ययी रुपले खर्च गर्नुपर्दछ ।

४१ **मोटरसाईकल दर्ता** - (३८४-२०८१-३-१०):

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ९ मा सरकारी सवारी साधनहरुमा सरकारी नम्बर प्लेट (सेतो) राख्नु पर्ने व्यवस्था छ। सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ स्वीकृत मापदण्ड बमोजिम बाहेक सरकारी सवारी साधनमा निजी नम्बर प्लेट राख्न नहुने उल्लेख गरिएको छ। पालिकाले खरिद गरेको मोटरसाईकल पालिकाको नाममा दर्ता गरी संचालन गर्नु पर्नेमा हालसम्म पालिकाको नाममा दर्ता भएको पाईएन । उक्त मोटरसाईकल पालिकाको नाममा दर्ता भएको प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.स | सप्लायर्सको नाम | सवारी विवरण | सवारी साधनको प्रकार | रकम |
|---|---|---|---|---|
| १ | आर.एम. अटो मोवाईल सेन्टर | पल्सर १५० सी. सी | मोटरसाईकल | २९९९९९ |

| प्रमाण पेश नगरेको | २,९९,९९९ |
|---|---|

४२ **फरक शिर्षकमा खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन,२०७६ को दफा २५ मा कारोबार राख्ने प्रयोजनका लागि महालेखानियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखापरीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने साथै आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमको विभिन्न फरक खर्च शिर्षकमा रु. ६,६७,४६० खर्च गरेको पाईयो ।बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा रहेको खर्च शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा कार्यपालिकाको निर्णय अनुसार सुत्रमा कार्यक्रम संसोधन नगरी अन्य खर्च शिर्षकबाट भुक्तानी गर्नु मनासिव देखिएन ।पालिकाले यस्तो खर्च गर्दा नियमानुसार कार्यक्रम संशोधन गरी सोही अनुसार सुत्रमा प्रविष्ट गरी खर्च गर्नु पर्नेमा ऐन तथा नियम विपरित अन्य खर्च शिर्षकबाट भुक्तानी भएको हुँदा अनियमित भएको रु.

| क्र.स | गो.भौ.नं र मिति | विवरण | भएको खर्च शिर्षक | हुनुपर्ने खर्च शिर्षक | रकम रु. |
|---|---|---|---|---|---|
| १ | २८५,२०८०/१०/१२ | महिला हिंसा विरुद्ध १६ दिने अभियान | विविध कार्यक्रम | महिला हिंसा विरुद्ध अभियान | २९९५१० |
| २ | २९५,२०८०/१०/१५ | भाडा भुक्तानी | विविध कार्यक्रम | सवारी भाडा | ३५००० |
| ३ | ३१०,२०८०/१०/१७ | बैठक भत्ता भुक्तानी | पदाधिकारी बैठक भत्ता | शिक्षा समिति बैठक भत्ता | १०५००० |
| ४ | ५७०/२०८१/२/२२ | खेलकुद सामाग्रीको भुक्तानी | विविध | खेलकुद कार्यक्रम | १००००० |
| ५ | ६६४,२०८१/३/१७ | जर्सि सेट र कपडा खरिदको भुक्तानी | अन्य सामाजिक सहायता | खेलकुद कार्यक्रम | २४००० |
| ६ | ७३९,२०८१/३/२२ | विभिन्न १५ कित्ता रेखाङकनको भुक्तानी | विविध कार्यक्रम | कित्ता रेखाङकन | १०३९५० |
| **जम्मा** | | | | | **६,६७,४६०** |

| | |
|---|---|
| अनियमित भएको | ६,६७,४६० |

४३ **वितरणमुखी खर्च** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गर्दा सोबाट पालिकालाई प्रतिफल प्राप्त हुने देखिदैन । तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्ने साथै खर्चको औचित्य समेत पुष्टि हुनुपर्दछ । यसका केहि उदाहरण निम्न प्रकार रहेका छन् :्

| क्र.स | गो.भौ.नं र मिति | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | १८,२०८०/५/२६ | ८ औँ ढोङकुम सास्कृतिक कार्यक्रम | २००००० |
| २ | ८५,२०८०/६/२९ | तिज विशेष कार्यक्रम | ३००००० |
| ३ | २३४,२०८०/९/२४ | क्रिसमस कार्यक्रम | ५०००० |
| ४ | २३४,२०८०/९/२५ | क्रिसमस कार्यक्रम | ५०००० |
| ५ | २८९,२०८०/१०/१५ | १६ औँ हिंसा निवारण सम्बन्धी अभियान | २६४००० |
| ६ | ६६९,२०८१/३/१७ | बाँसुरी दिवस | ६०००० |
| ७ | १७०,२०८०/८/१८ | पाँचौ धिमिले भलिवल प्रतियोगिता | २५०००० |
| ८ | २६६,२०८०/१०/७ | ब्याकुल माईला गोल्डकप | ७००००० |
| ९ | ३४२।२०८०।११।४ | फस्ट एन्फा प्रेसिडेन्ट कप वापत कोशी प्रदेश फुलवल संघलाई भुक्तानी | १००००० |
| १० | ५४३।२०८१।२।४ | तेस्रो बलवहादुर राई मेमोरियल ब्याडमिन्टन प्रतियोगिता | ६००००० |
| ११ | ५४८।२०८१।२।६ | मगर दिवस कार्यक्रम | ३००००० |
| १२ | ६८१।२०८१।३।१७<br>७९७।२०८१।३।२४ | लोक संस्कृति रेकडिङ्ग तथा भिडियो छायांकन वापत मुन्धुम स्टुडियोलाई भुक्तानी | ३७०००० |
| १३ | ७७५।२०८१।३।२३ | भलिवल कप २०८० | ८०००० |
| १४ | ४४२।२०८०।१२।१३ | गापा वडा नं ८ को कृषि पर्यटन र समग्र विकासको वृतचित्र निर्माण | ९९४४० |
| १५ | ६८२।२०८१।३।१७ | खेलकुद सामग्री वितरण | ५०००० |
| १६ | ७०९।२०८१।३।१८ | युवा समूहलाई खेलकुद सामग्री वितरण | ५०००० |
| १७ | ४८२।२०८१।१।१४ | नारी दिवस कार्यक्रम | ४००००० |
| १८ | ७८४।२०८१।३।२४ | विद्यावारिधी शोधपत्र वापत प्रदिप कुमार राईलाई छात्रवृति वितरण | ३००००० |

पालिकाले वास्तविकता र आवश्यकतामा आधारित भई वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ

४४ **जरिवाना** - (२८६-२०८०-१०-१४):

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।पालिकाले सवारी नविकरण वापतको रकम भुक्तानी गर्दा बिल रकम रु.२,८९,९२५ मा रु.८८,००० जरिवाना सहित रु. ३,७७,९२५ भुक्तानी गरेको छ ।समयमै नविकण नगरी जरिवाना सहित भुक्तानी गरेकोले कार्यालयलाई थप व्ययभार परेको हुँदा अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८८,००० |

४५ **अध्यक्षकप खेलकुद** - (३५३-२०८०-११-४):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियामावली, २०७७ को ३९११ मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगदी, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ ।पालिकाले अध्यक्षकप खेलकुद प्रतियोगिता सञ्चालन गरी रु.४० लाख खर्च गरेको छ । ट्रफी निर्माणको लागि उल्लेख गरी रु.३,०१,२५० सिक्का सुन र रु.३,१६,१५० सिल्भर खरिद गरेको फोटोकपी बिल र उक्त ट्रफी निर्माणको लागि रु.१५०,००० पारिश्रमिक भुक्तानी गरेको भरपाई संलग्न गरेकोमा बिल अनुसार सुन र सिल्भरको परिमाण तथा गुणस्तर सम्बन्धमा एकिन गर्न सकिएन, परिचय खुल्ने प्रमाण सहित सहभागिको विवरण तयार नगरेको, ढुवानी खर्चमा रु.९० हजार

खर्च गरेकोमा सामाग्री ढुवानी मात्र उल्लेख गरेको प्रष्ट सामाग्री विवरण नखुलाएको र प्रशिक्षक पारिश्रमिकमा रु.१२०००० खर्च गरेकोमा प्रशिक्षकको परिचय एंव योग्यता खुल्ने प्रमाण सहितको विवरण र समय तालिका खुलाएको पाईएन।अतः परिचय खुल्ने प्रमाण सहित आवश्यकतालाई ख्याल गरि मितव्ययी तरिकाले खर्च गर्नुपर्दछ ।साथै ट्याकसुट खरिदमा रु.४,९२,२२८ र खेलाडीलाई पोशाकमा रु.७७,६२० गरी जम्मा रु.५,६९,८४८ खर्च भएको फोटोकपी बिल संलग्न गरेकोमा उक्त ट्याकसुटक र पोशाक प्रयोग तथा वितरणको अवस्था नखुलेकोले परिचय एंव योग्यता खुल्ने कागजात सहित प्रयोग तथा वितरण भएको प्रमाण पेस गर्नुपर्ने रु. ५६९८४८

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,६९,८४८ |

४६ **प्रतिवेदन तयार -**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (८) तालिम, सेमिनार, गोष्ठी कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछी त्यस्तो कार्यमा भएको खर्च, खरिद गरिएका मालसामानको विवरण तथा विल भरपाई सहितको कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनु पर्ने उल्लेख छ ।पालिकाले वडास्तरीय महिला जनप्रतिनिधि नेतृत्व विकास कार्यक्रम र बाल क्लब कार्यक्रम सञ्चालन गरी सहायक पाँचौ चम्पा राईलाई रु.५,४९,११० भुक्तानी गरेको छ ।उक्त तालिम तथा कार्यक्रममा उपस्थिति तथा कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या समेत खुल्नेगरी भएको खर्च प्रष्ट खुल्ने प्रतिवेदन तयार गरेको पाईएन । नियमावलीमा व्यवस्था भएअनुसार तालिम तथा कार्यक्रम सञ्चालन गर्दा भएको खर्च र कार्यक्रमबाट लाभान्वित व्यक्तिको संख्या खुलाई तयार भएको स्वीकृत प्रतिवेदन पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४९,११० |

४७ **प्रमाण पेश -**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै सोही नियमको उपनियम (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्दा रीत पुगे वा नपुगेको जाँच गरेर मात्र लेख्नु पर्ने व्यवस्था छ ।पालिकाले तपसिलबमोजिमको कार्यक्रम संचालन गरी भुक्तानी दिँदा सोलाई पुष्टी गर्ने बिल भरपाई तथा अन्य प्रमाण तथा कागजात संलग्न राखेको पाईएन ।उक्त खर्च पुष्टी गर्ने बिल भरपाई तथा अन्य कागजात पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.स. | गो.भौ.नं र मिति | भुक्तानी पाउनेको नाम | व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | ३७३,२०८०/११/१५ | वडा नं १ सचिव प्रकास राई | विविध खर्च शिर्षकबाट रु.८० हजार भुक्तानी लिएकोमा हेम विक्रम राईलाई रु.५० हजार आर्थिक सहायता उल्लेखित निवेदन मात्र संलग्न अन्य खर्च पुष्टी हुने प्रमाण तथा कागजात पेश नभएको | ८०००० |
| २ | ७३८,२०८१/३/२२ | हर्कपुर मा.वि | विभिन्न सामाग्री खरिदको बिलमात्र संलग्न गरेको खरिद आदेश, दाखिला र जिन्सी कितावमा चढाएको प्रमाण पेश नभएको | १९९८०० |
| ३ | ७४४,२०८१/३/२३ | मानेभन्ज्याङ गा.पा स्तरीय आमा समूह सञ्जाल | प्रमाण तथा कागजात पेश नभएको | ४००००० |
| ४ | ७४५,२०८१/३/२३ | बालिका विकास बचत कोष | प्रमाण तथा कागजात पेश नभएको | ९००००० |
| | ७४१,२०८१/३/२२ | जनता आ.वि थाक्ले | भुक्तानीको लागि निवेदन मात्र पेश भएको अन्य खर्च खुल्ने प्रमाण तथा कागजात पेश नभएको | १८०००० |
| **जम्मा** | | | | **१७,५९,८००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,५९,८०० |

४८ **उत्प्रेरणात्मक प्रशिक्षण कार्यक्रम -**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ भने आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । साथै कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । पालिकाले ४०६।२०८०।११।२९ बाट उत्पेरणात्मक कार्यक्रम वापत रु.२५०,००० बजेट खर्च लेख्दा उत्प्रेरक प्रशिक्षकको रुपमा डाक्टर रबिन कटवाललाई २ दिनको खाना र बास सुविधा बाहेक प्रतिशेसन ३०००० का दरले ४ शेसनको रु.१,२०,००० मा करकट्टी गरी रु.१,०२,००० कार्यक्रम संयोजकले भुक्तानी गरेको भर्पाई पेस छ । प्रशिक्षकको उत्प्रेरक हुनका लागि आवश्यक प्रमाणपत्र पेस भएको छैन । साथै प्रतिशेसन रु.३०००० का दरले भुक्तानी दिने आधारप्रमाण समेत पेस गरेको नपाइएकोले उक्त प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०२,००० |

४९ **लिब्जु सामुदायिक क्याम्पस -**

नेपालको संविधान (२०७२)को अनुसूची...८ मा स्थानीय तहको अधिकारको सूची अनुसार आधारभूत र माध्यमिक तहको शिक्षामात्र स्थानीय तहको हुने व्यवस्था रहेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ भन्ने व्यवस्था रहेको छ ।साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ । पालिकाले ७६९।२०८१।३।२३ बाट मानेभन्ज्याङ्ग सामुदायिक क्याम्पस सञ्चालन भनी लिब्जु सामुदायिक क्याम्पसको बैङ्क खातामा रु.३५ लाख ट्रान्सफर गरेको छ । उक्त अनुदान रकम क्याम्पसले कुन शिर्षकमा खर्च गरेको सम्बन्धमा पालिकामा कुनैपनि कागजात पेस नभएको हुँदा क्याम्पसलाई दिन मिल्ने आधार र खर्चका प्रमाण पेस गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,००,००० |

५० **महङ्गी भत्ता -**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२१ को परिपत्र अनुसार सवै निकायहरुमा एकरुपता कायम हुनेगरी करारका कर्मचारीहरुलाई महङ्गी भत्ता नदिने उल्लेख छ । कोशी प्रदेश स्थानीय सरकारी सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरु सम्बन्धमा व्यवस्था गर्ने बनेको ऐन,२०८० को दफा १४४(३) मा अस्थायी तथा करारका कर्मचारीले निजामति कर्मचारीले पाए सरहको पोशाक भत्ता, चाडपर्व खर्च र महंगी भत्ता पाउने उल्लेख छ ।पालिकाले कोशी प्रदेश ऐन लाई आधार मानि करारमा कार्यरत तपसिल बमोजिम कर्मचारीलाई मासिक रु. २,०००। का दरले वर्षभरिमा जम्मा रु. ४,५६,००० मंहङ्गी भत्ता भुक्तानी गरेको छ ।परिपत्र र कोशी प्रदेश ऐन बीच एकरुपता देखिदैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सवै निकायहरुमा एकरुपता कायम हुनेगरी महङ्गी भत्ता नदिने परिपत्र गरेको र प्रदेशले महङ्गी भत्ता दिन मिल्ने ऐन तर्जुमा गरेको हुँदा ऐन र परिपत्र बाँझिएको देखिन्छ । सबै निकायमा एकरुपता कायम हुने गरी कानुन तर्जुमा गरी सोही अनुसार भुक्तानी गर्नुपर्दछ ।

| क्र.स | नाम थर | पद | वार्षिक महंगी भत्ता भुक्तानी |
|---|---|---|---|
| १ | विपिन कार्की | सूचना प्रविधि अधिकृत | २४००० |
| २ | रेशबहादुर राई | अ.स.ई | २४००० |
| ३ | सुवात राउत | जे.सि.भि अपरेटर | २४००० |
| ४ | गजिन्द्र राई | ह.स.चा | २४००० |
| ५ | सुजेन्द्र अधिकारी | ह.स.चा | २४००० |
| ६ | टेक कुमार राई | चौकिदार | २४००० |
| ७ | दिल कुमार राई | कार्यालय सहयोगी | २४००० |
| ८ | जिवराज राई | कार्यालय सहयोगी | २४००० |
| ९ | रविन राई | कार्यालय सहयोगी | २४००० |
| १० | डोलुकुमार श्रेष्ट | कार्यालय सहयोगी | २४००० |
| ११ | शोभा अधिकारी | कार्यालय सहयोगी | २४००० |
| १२ | विनोद अधिकारी | कार्यालय सहयोगी | २४००० |
| १३ | राम बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | २४००० |
| १४ | कृष्णधन राई | कार्यालय सहयोगी | २४००० |
| १५ | ईश्वरी प्रसाद गौतम | कार्यालय सहयोगी | २४००० |
| १६ | बोध कुमार बास्तोला | कार्यालय सहयोगी | २४००० |
| १७ | बङ्गबहादुर राई | कार्यालय सहयोगी | २४००० |
| १८ | भोला कुमार मण्डल | नेत्र सहायक | २४००० |
| १९ | शान्ता बस्नेत | सहायक | २४००० |
| **जम्मा** | | | **४,५६,०००** |

५१ **स्थानीय तहका पदाधिकारी सुविधा** -

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्वन्धी ऐन, २०७५ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुचीमा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.६६,४८,००० रकम सुविधा वापत भुक्तानी गरेको छ । जुन आन्तरिक आय रु. ५३,२२,३६३ को १२५ प्रतिशत रहेको छ ।

५२ **अनुगमन प्रतिवेदन** -

गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १ (क) मा मासिक रुपमा गाउँपालिका अध्यक्षले रु. १० हजार , उपाध्यक्षले रु.१० हजार , वडाध्यक्षले रु.४ हजार र कार्यपालिका सदस्यले रु. २ हजार अनुगमन भत्ताको पाउने उक्त अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले वर्षभरिमा अनुगमन भत्ता वापत रु. ७,८४,०८० भुक्तानी गरेकोमा ऐनले व्यवस्था गरेबमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको पाईएन । ऐनले तोके बमोजिमको मासिक रुपमा तयार भएको अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रु.

| क्र.सं. | पद | नाम | मासिक अनुगमन भत्ता दर रु. | वार्षिक अनुगमन भत्ता रु. (कर कट्टी घटाएर) |
|---|---|---|---|---|
| १ | अध्यक्ष | ज्ञानेन्द्र रुम्दाली | १०००० | ११८८०० |
| २ | उपाध्यक्ष | आश्रचन राई | १०००० | ११८८०० |
| ३ | वडा अध्यक्ष | राजकुमार रुम्दाली | ४००० | ४७५२० |
| ४ | वडा अध्यक्ष | राममणि राई | ४००० | ४७५२० |
| ५ | वडा अध्यक्ष | जितेन्द्र राई | ४००० | ४७५२० |
| ६ | वडा अध्यक्ष | बिष्णु बहादुर तामाङ्ग | ४००० | ४७५२० |
| ७ | वडा अध्यक्ष | राम कुमार राई | ४००० | ४७५२० |
| ८ | वडा अध्यक्ष | हेमराज राई | ४००० | ४७५२० |
| ९ | वडा अध्यक्ष | बिष्णु प्रसाद गौतम | ४००० | ४७५२० |
| १० | वडा अध्यक्ष | भिमबहादुर बलम्पाखी मगर | ४००० | ४७५२० |
| ११ | वडा अध्यक्ष | पूर्ण बहादुर मगर | ४००० | ४७५२० |
| १३ | का.पा.स | बिमला केसी | २००० | २३७६० |
| १४ | का.पा.स | कृष्णकुमारी राई | २००० | २३७६० |
| १५ | का.पा.स | गोमा कुमारी वि.क | २००० | २३७६० |
| १६ | का.पा.स | युवराज नेपाली | २००० | २३७६० |
| १७ | का.पा.स | बालकुमारी पुलामी | २००० | २३७६० |
| **जम्मा** | | | | **७,८४,०८०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८४,०८० |

५३ **बढी तलब भुक्तानी** - (४२-२०८०-६-१२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले तपसिलबमोजिम कर्मचारीलाई प्राप्त गर्नुपर्ने पारिश्रमिक भन्दा बढी पारिश्रमिक भुक्तानी गरेको हुँदा बढी भएको पारिश्रमिक रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र.स | कर्मचारीको नाम | पद | हुनुपर्ने पारिश्रमिक भुक्तानी रु. | भएको पारिश्रमिक भुक्तानी रु. | बढी भुक्तानी रु. | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सियाराम यादव | अधिकृत छैंटौ | २८१८८ | ४३२०० | १५०१२ | मिति २०८० भदौ १४ मा अवकास |
| २ | सन्तोष पोखरेल | सहायक पाँचौ | २६५३ | ३९९६ | १३४३ | २०८० साल असार २९ मा नियुक्ति |
| **जम्मा** | | | | | **१६३५५** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३५५ |

५४ **पारिश्रमिक कर -**

आयकर नियमावली,२०५९ को नियम ३१ मा वार्षिक पारिश्रमिकमा लाग्ने कर दामासाहीको हिसावले मासिक रुपमा कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।त्यस्तै आयकर ऐन, २०५८ को अनुसुचि १ बमोजिम करको दर निर्धारण गरी कर कट्टि गरी पारिश्रमिक भुक्तानी गर्नु पर्नेमा यस पालिकाले निम्न ब्यक्तीको पारिश्रमिक भुक्तानीमा पारिश्रमिक कर अग्रिम रुपमा कट्टि नगरेको देखिएकोले नियमानुसार तपसिल बमोजिमको पारिश्रमिक कर असुल गरी दाखिला गर्नु पर्ने रु.

| **क्र.स** | **नाम** | **पद** | **बार्षिक तलव भत्ता** | **करयोग्य आय** | **कट्टि गर्नु पर्ने कर रकम** | **कट्टि गरेको कर रकम** | **कट्टि गर्न बाँकी कर रकम** |
|---|---|---|---|---|---|---|---|
| १ | उमेश कुमार तामाङ | अधिकृत छैटौं | ७४९४२० | ६१६४१३ | ७६४१ | ६२६८ | १३७३ |
| २ | चित्र कुमारी श्रेष्ठ | अधिकृत छैटौं | ७६०४८६ | ६२५७३१ | ७७१६ | ६३६१ | १३५५ |
| ३ | छविलाल राई | प्र.प्र.अ | ८५९२०३ | ६२९४३१ | ८९४३ | ६३९८ | २५४५ |
| ४ | ढबल राज राई | अधिकृत छैटौं | ७४९४२० | ६१६४१३ | ७६४१ | ६२६८ | १३७३ |
| ५ | दिलिप कुमार मगर | अधिकृत छैटौं | ७९५५७८ | ६५४७०६ | ११४७० | ६६५१ | ४८१९ |
| ६ | दुखी राउत | अधिकृत छैटौं | ९०८४१५ | ६२८६१८ | ८८६१ | ६३९० | २४७१ |
| ७ | निर्मला देवी दाहाल | अधिकृत छैटौं | ९०८४१५ | ६२८६१८ | ७९७५ | ६४८६ | १४८९ |
| ८ | बैजनाथ प्रसाद यादव | अधिकृत छैटौं | ७८४३६४ | ६४५५३३ | १०५५३ | ६६५५ | ३८९८ |
| ९ | मंगा कुमारी राई | अधिकृत छैटौं | ७६०४८६ | ६२५७३१ | ७७१६ | ६३६१ | १३५५ |
| १० | विश्वराज दाहाल | अधिकृत छैटौं | ९०८४१५ | ६२८६१८ | ८८६१ | ६३९० | २४७१ |
| **जम्मा** | | | | | | | **२३१४९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,१४९ |

५५ **बढी ग्रेड भुक्तानी -**

शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ ।पालिकाले निम्न बमोजिम चौथो त्रैमासिकमा तलबी प्रतिबेदनमा पारित ग्रेड भन्दा वढि ग्रेड रकम निकासा दिएकोले उक्त ग्रेड यकिन गरी प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त ग्रेड रकम असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | शिक्षककोनाम | पारितग्रड | निकासाग्रेड | वर्षमावढि ग्रेड | दर | जम्मा |
|---|---|---|---|---|---|---|
| दिपज्योती आ वि | हेमराज राई | ६ | ७ | १ | ११५८ | ३४७४ |
| मनकामना मा वि | महिन्द्रा ब कार्की | ६ | ७ | १ | ११५८ | ३४७४ |
| **जम्मा** | | | | | | **६९४८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९४८ |

५६ **विशेष अनुदान -**

५६.१ विशेष अनुदान सम्बन्धी कार्यविधि,२०७५ को दफा ८ मा प्रदेश वा स्थानीय तहले विशेष अनुदान जुन कार्यक्रमको लागि प्राप्त भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्ने, उक्त रकम उपभोक्ता समितिमार्फत खर्च गर्न नपाईने तथा अनुदान वापतको रकम आफ्नो वार्षिक कार्यक्रममा समावेश गरी खर्च गर्नुपर्ने व्यवस्था छ । सोहि बमोजिम पालिकामा मानेभन्ज्याङ गाउँपालिकाको शिक्षामा पहुँच, समावेशिकरण र गुणस्तर सुधार कार्यक्रम अन्तर्गत प्राप्त विशेष अनुदानको रकम शिक्षा समितिको मिति २०८०।१०।२३ गतेको निर्णय अनुसार निम्न बमोजिम खर्च गरेको छ । यस सम्बन्धमा देखिएको व्यहोरा निम्न छन:

| **शिर्षक** | **बजेट** | | **प्रगति** | | **खरिद/संचालन विधि** |
|---|---|---|---|---|---|
| कार्यक्रम | संख्या | जम्मा बजेट | संख्या | खर्च | |
| कम्प्युटर खरिद | ३० | १५६०००० | २९ | १८७६९३० | इ विडिङ |
| ल्यापटप खरिद | १ | ११०००० | १ | | |
| फोटोकपि तथा लिथो मेशिन | ३० | ७८०००० | ३१ | | |
| विद्यालयमा इ हाजिरी | १७ | १८००० | १७ | | |
| इश्वरी आवि मोली मर्मत (निर्माण) | ५ कोठा | १५०००० | ५कोठा | ४३९०६२२ | इ विडिङ |
| महादेव स्थान मा वि हिलेपानी | ६कोठा | १८०००० | ६कोठा | | |
| दुधकौशिका आ वि सोक्माटार | २ कोठा | ६००००० | २कोठा | | |
| शहिदस्मृती आ वि सातशल्ले | ३कोठा | ९००००० | ३कोठा | | |
| कक्षाकोठा कार्पोटिङ | १३विद्यालय | ६५०००० | १३ | ६४९००० | सोझै खरिद |
| शैक्षिक सामाग्रि खरिद | १३ | ६५०००० | १३ | ६३५०४८ | सोझै खरिद |
| साबुन तथा सेनिटाईजर खरिद | ३ | १५००० | ० | ० | |
| सिसिटिभि मोनिटर | २ | ५०००० | ० | ० | |
| प्रारम्भिक कक्षामा अध्यापन गराउने शिक्षकको लागिमन्टेश्वरी तालिम | २ | ४००००० | | १५७९९२० | कर्मचारी पेश्की |
| आधारभुत तह शिक्षकको लागि शिक्षण सम्बन्धि तालिम (१-५) | २ | ४००००० | | | |
| आधारभुत तह शिक्षकको लागि शिक्षण सम्बन्धि तालिम (६-८) | १ | ४००००० | | | |
| मा वि तह तालिम | १ | ४००००० | | | |
| अनुगमन निरिक्षण मुल्याङ्कन | १ | २९००० | ० | ० | |
| स्थानीय विषयवस्तुमा आधारित आधारभुततह पाठ्यक्रमनिर्माण | ८ | १०००००० | १ | ३३३९०० | कर्मचारी पेश्की |
| जम्मा | | ११२६२००० | | ९४६५४२० | |

५६.२ प्रशिक्षक भत्ता - अर्थमन्त्रालयद्धारा जारी कार्य संचालन निर्देशिका २०७७ मा तालिमकेन्द्र बाहेक अन्य निकायबाट संचालित सबै प्रकारका जिल्ला स्तरिय तालिममा स्रोत व्यक्तिको प्रति कक्षा पारिश्रमिक कार्यपत्र वापत रु.८०० र कक्षा संचालन वापत रु.७०० गरी जम्मा रु.१५०० सम्म दिन सकिने उल्लेख छ । पालिकाले निम्न कार्यक्रमको प्रशिकक्षलाई आते जाते यातायात खर्च, खाना, खाजा तथा बासको व्यवस्था छुट्टै व्यवस्था गरी उल्लेखित दर भन्दा वढि दरले पारिश्रमिक भुक्तानी गरेकोले उक्त असुल गर्नुपर्ने रु.

| ( | कार्यक्रमशिर्षक | भुक्तानीलिने | संख्या | भुक्तानीलिएको दर | लिनुपर्नेदर | वढि दर | वढिभुक्तानी(कर कट्टी घटाएर) |
|---|---|---|---|---|---|---|---|
| १०१।०८१।०१।१४ | विज्ञानविषय कस्टमाईज तालिम | सुरेन्द्रखड्का | १२ | २००० | १५०० | ५०० | ५१०० |
| | सामाजिकविषय कस्टमाईज तालिम | शंकरभण्डारी | १२ | २००० | १५०० | ५०० | ५१०० |
| | गणित विषयकास्टमाईज तालिम | दिनेशखड्का | १२ | २००० | १५०० | ५०० | ५१०० |
| | अङ्ग्रेजीविषय कस्टमाईज तालिम | राजेन्द्रपौडेल | १२ | २००० | १५०० | ५०० | ५१०० |
| ११९।०८१।०१।३१ | नेपालीविषय कस्टमाईज तालिम | डा.गोपिकृष्ण गौतम | १२ | २००० | १५०० | ५०० | ५१०० |
| १५६।०८१।०३।१२ | बाल विकासकस्टमाईज तालिम | दिनेशखड्का | २८ | २००० | १५०० | ५०० | ११९०० |
| | बाल विकासकस्टमाईज तालिम | सम्झनाबस्नेत | २८ | २००० | १५०० | ५०० | ११९०० |
| | प्राथमिकतह शिक्षक तालिम | शंकरभण्डारी | २४ | २००० | १५०० | ५०० | १०२०० |
| | प्राथमिकतह शिक्षक तालिम | ध्रुव राजखत्री | ९ | २००० | १५०० | ५०० | ३८२५ |
| | प्राथमिकतह शिक्षक तालिम | राजेन्द्रपौडेल | १२ | २००० | १५०० | ५०० | ५१०० |
| | प्राथमिकतह शिक्षक तालिम | दिनेशखड्का | ३ | २००० | १५०० | ५०० | १२७५ |
| | प्राथमिकतह शिक्षक तालिम | डा.गोपिकृष्ण गौतम | १२ | २००० | १५०० | ५०० | ५१०० |
| जम्मा | | | | | | | ७४८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७४,८०० |

५७ **शिक्षकको तलब भत्ता -**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। तर पालिकाले स्वीकृत दरबन्दी बाहिर १४ विद्यालयहरूमा ११ आधारभुत तह र ३ माध्यमिक तहमा जम्मा १४ शिक्षक नियुक्त गरी गाउँपालिका अनुदानवाट रू.२१ लाख तलब भत्ता भुक्तानी गरेको छ । शिक्षक विद्यार्थि अनुपात नमिलाई र दरवन्दी मिलान नगरी यसरी गरिएको खर्चलाई मनासिव मान्न नसकिने हुँदा पालिकाले शिक्षक विद्यार्थि अनुपात मिलाई र दरवन्दी मिलान गरी आवश्यकताका आधारमा तलब भत्तामा खर्च गर्नुपर्दछ ।

५८ **स्यानिटरी प्याड-**

५८.१

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु १२९५ जना रहेका छन। पालिकाले ई-बिड गरी एन्जल टच हाईजिन म्यानुफ्याक्चर प्रा.लिबाट १६८२५ प्याकेट स्यानिटरी प्याड रु.४,३३,६६९ (मु. अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ ।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

५८.२ गाउँपालिकाले कक्षा ६ देखि १२ सम्मका छात्राहरुलाई महिनावारीको समयमा प्रयोग गरिने स्यानिटरी प्याड वितरण गर्ने प्रयोजनको लागि पालिका अन्तर्गतका १७ विद्यालयका छात्राहरु कुल १६८२५ प्याकेट प्रतिप्याकेट २५.७७ का दरले खरिद गरी कुल रु.४३३६६९ एन्जलटल्स हाइजिन म्यानुफ्याक्चर प्रा लि लाई भुक्तानी गरेकोमा लेखापरीक्षण अवधि सम्म पनि ४५१७ प्याकेट मौज्दात रहेको देखिएकोले सोको भरपाई पेश हुनुपर्दछ ।

५९ **शौक्षिक अतिरिक्त क्रियाकलाप -**

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । साथै कार्य सञ्चालन निर्देशिका २०७७ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी खर्चको मापदण्ड तोकेको छ । सोही बुदाँको सि.नं. ३(ख) मा सिप विकास तालिम जस्ता कार्यक्रममा बाहिरि स्रोत व्यक्तिको रुपमा प्रशिक्षक राख्दा ३० कार्यदिनसम्म मुख्यप्रशिक्षकलाई दैनिक रु.१४००/- का दरले केन्द्रियस्तरको दर भुक्तानी गर्न सकिने व्यवस्था रहेको छ । तर पालिकाले ४२९।२०८०।१२।२ बाट पालिका अन्तर्गतको विद्यालय राज्यलक्ष्मी माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई बिहान र बेलुका नृत्य प्रशिक्षण दिने भनी नृत्य प्रशिक्षकको रुपमा प्रशिक्षक अनुप डंगोललाई प्रतिशेसन रु.२,५००/- का दरले दैनिक २ शेसनको लागि ३० दिनको करकट्टी सहित रु.१२७,५००/- मा सम्झौता गरी कार्यक्रम संयोजक बाट भर्पाइ गराई रकम बुझाएको छ । यसरी दैनिक रु.१४००/- को दरले भुक्तानी निदिई प्रति सेशसनको रु.२५००/- को दरले भुक्तानी दिदा कार्यालयलाई जम्मा रु.९१,८००/- वढि व्ययभार परेको देखिन्छ । कर्यालयले मितव्ययी तवरले खर्च गर्न उल्लिखित नर्म्सको पालना गर्नुपर्दछ ।

६० **शैक्षिक निर्देशिकाको पालना** -

शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानो ठिमी भक्तपुरले शिक्षा क्षेत्रका कार्यक्रमहरु संचालन गर्दा क्रियाकलाप र कार्यान्वयन प्रक्रियाको जिम्मेवारी तोकिएको छ । शिक्षा सम्बन्धि कार्यक्रम संचालन गर्दा उक्त कार्यान्वयन पुस्तिकाको पालना गरेको पाइएन । विद्यालय दिवा खाजाको निकाशा गर्दा हाजिरीको आधारमा भन्दा विद्यालय भर्ना आधारमा प्रदान गरेको, शिक्षकहरुको तलब निकाशा दिदा माग फाराम पेश नगरेको, शिक्षक अवकाश सरुवाको विवरण तथा तलबी प्रतिवेदन, विद्यालयगत रुपमा शिक्षक दरबन्दी तयार पारेको देखिदैन। गाउँपालिकाले विद्यालयको खातामा सिधै भुक्तानी जाने र उक्त रकमको विद्यालयगत रुपमा छुट्टाछुट्टै रुपमा लेखापरिक्षण हुने जवाफ दिए पनि निकाशा दिने पालिका पनि रकम सदुपयोग सम्बन्धमा उत्तिकै जिम्मेवार हुनुपर्ने देखिन्छ ।

६१ **पाठ्यपुस्तक** -

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । IEMIS विवरणको आधारमा निम्न बमोजिम रु.२३,८०,२२५/- निकासा गर्नुपर्नेमा पालिकाले भौचर नं.९४ र १७३ बाट ७५ प्रतिशत र २५ प्रतिशत गरी जम्मा रु.२८,७५,९४१/- निकासा गरेको छ । पालिकाले निकासा भएको पाठ्यपुस्तक वापतको रकम र वास्तविक खर्च सम्बन्धि एकिकृत विवरण तयार गरी वढि निकासा सम्बन्धमा पालिकाले एकिन गरी प्रमाण पेस गर्नुपर्ने रु.

| कक्षा (प्रति पृष्ठ दर) | दर | संख्या | जम्मा |
|---|---|---|---|
| कक्षा१ (.६०) | ५२०.८ | ३३३ | १७३४२६.४ |
| कक्षा२ (.६०) | ५५६.८ | २५६ | १४२५४०.८ |
| कक्षा३ (.६०) | ५८०.८ | २९६ | १७१९१६.८ |
| कक्षा४ (.५५) | ५९६.२ | ३१८ | १८९५९१.६ |
| कक्षा५ (.५५) | ६३३.६ | ३२२ | २०४०१९.२ |
| कक्षा६ (.५५) | ७०७.३ | ३६० | २५४६२८.० |
| कक्षा७ (.५५) | ७४८ | ३६० | २६९२८०.० |
| कक्षा८ (.५५) | ८८२.२ | ३४९ | ३०७८८७.८ |
| कक्षा९ (.५५) | ७७० | ३८० | २९२६००.० |
| कक्षा१० (.५५) | ९२४ | २९८ | २७५३५२.० |
| कक्षा११ (.३६) | २६९.२८ | १०७ | २८८१३.० |
| कक्षा१२ (.३६) | ३१६.०८ | २२२ | ७०१६९.८ |
| जम्मा | | | २३८०२२५.३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९५,७१६ |

६२ **शून्य दरबन्दी नभएको -**

कार्यक्रम कार्यान्वियन पुस्तिकामा क्रियाकलाप २.७.१३.४१ आधारभुत तह कक्षा (६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानमा आधारभुत तहका लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका विद्यालयलाई शिक्षक व्यवस्थापनको लागि न्यूनतम १ शिक्षक २ जना बराबरको रकम अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले पहिले नै नि मा वि दरबन्दी भएको(शून्य दरबन्दी नभएको) निम्न विद्यालयलाई शिक्षक व्यवस्थापनको लागि रु.३४,७३०/- को दरले १२ महिनाको रकम र पर्व खर्चको समेत रु. ९०२९८० निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वियन पुस्तिकामा व्यवस्था भए अनुसार अनुदान उपलब्ध नगराएको हुँदा अनियमित देखिएको रु.

| **विद्यालयको नाम** | **भएकोदरबन्दी संख्या** | **थपनियुक्ति शिक्षक संख्या** | **विषय** | **मासिकतलब** | **वार्षिकनिकासा** |
|---|---|---|---|---|---|
| महादेवस्थानमा वि हिलेपानी | निमाविदरबन्दी ४ | १ | अङ्ग्रेजी | ३४७३० | ४५१४९० |
| विद्याकालिकानि मा वि | निमाविदरबन्दी १ | १ | गणित | ३४७३० | ४५१४९० |
| जम्मा | | | | | **९०२९८०** |

| | |
|---|---|
| अनियमित भएको | ९,०२,९८० |

६३ **छात्रवृत्ति -**

कार्यक्रम कार्यान्वियन पुस्तिकामा IEMIS प्रविष्टि भएको विवरणको आधारमा तोकिएको दरमा छात्रवृत्तीको रकम निकासा गर्नुपर्ने र विद्यालयले सोहि बमोजिम वितरण गर्नुपर्ने उल्लेख छ । १५ विद्यालय छात्रवृती वितरणको भरपाई नमुना परिक्षण गर्दा पालिकाले IEMIS विवरण अधावधिक नगरी निम्न विद्यालयलाई छात्रवृत्ती रकम निकासा गरेकोले निकासा रकम भन्दा कम रकम वितरण भएको देखिन्छ । यसरी वढि निकासा भएको रकम विद्यालयबाट फिर्ता गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासरकम | भरपाई | फिर्ताहुनुपर्ने |
|---|---|---|---|
| जनताआ वि याक्ले | २२००० | १८००० | ४००० |
| विद्याकालिकाआ वि | ३६००० | ३२४०० | ३६०० |
| शिवदुतिआ वि राघवपुर | २५२०० | १५६०० | ९६०० |
| धिमिलेआ वि | २१२०० | १६४०० | ४८०० |
| शहिदस्मृती आ वि सातसल्ले | १५६०० | १५२०० | ४०० |
| राज्यलक्षमीमा वि | ४४४०० | ४२००० | २४०० |
| कालिकाआ वि पखु | २४००० | १८४०० | ५६०० |
| जम्मा | | | **३०४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३०,४०० |

६४ **औषधि खरिद –**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यसवर्ष पालिकाले देहायका फर्मसँग रु.४३,५१,०००को औषधि खरिद गरेको देखिन्छ।आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

| क्र.स | गो.भौ.नं र मिति | फर्मको नाम | खरिद विधि | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ३१६,२०८०/१०/२५ | यस फार्मेसी | सोझै खरिद | १००००० |
| | ७८२,२०८१/३/२३ | अर्चना सर्जिकल | सोझै खरिद | ७९३००० |
| ४ | ७७२,२०८१/३/२३ | क्यापिटल हेल्थकियर | सोझै खरिद | ७८४००० |
| ५ | (गा पा पूँजीगत ४५०) २०८१/३/२३ | मुक्तिनाथ मेडिको | सोझै खरिद | ५००००० |
| ६ | ७७०,(२०५संघ सशर्त), २०८१/३/२३ | हेल्पिङ्ग हेल्थ प्रा.लि | ईबिड | २१७४००० |
| **जम्मा** | | | | **४३५१०००** |

६५ **न्यानो झोला कार्यक्रम -**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ७ बर्थिङ सेन्टरमा गत वर्ष १३५ थानको रु.९९,००० र यस वर्ष १३५ थान को रु.९९,००० खरिद गरेकोमा गत वर्ष १३८ जना र यस वर्ष ८४ जना गरी २२२ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ४८ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार

गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ९ वडामा १६ योजना सञ्चालन गरी यस वर्ष ८६ जनालाई औसत ९४ दिनले ८०९० दिन रोजगारी उपलव्ध गराई रु.५६,९५,३६० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

६७ **परामर्स तथा डीपीआर खर्च –**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|
| Detailed project report for kasyap Gopriya Adhikari Bansha Pratisthan Jilla Karya Samiti Sangraky Nirman, Gautam Kulyan Samiti Mandir and Dharmashala Nirman Harkapur Ward No 7 | युनिक ग्लोबल टेक इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | ४९४८२७.५७ | ६०७०४७०८ |
| Geological and slope stability condition and mitigation measures of Herga slide Manebhanjyang RM-1 | स्पार्क एडभान्स इन्टरप्राइजेज प्रा लि | २९३८०० | ४५८२०९५५.५२ |
| तिनकन्या पञ्चावती मन्दिर गुरुयोजना | स्ट्रक्चर मिसन नेपाल प्रा.लि | ४९६४३६ | १९२८१२६२ |
| लिब्जु धार्मिक तथा पर्यटकिय स्थल डी.पि.आर | डोरिका भिल्ला इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि | ६९६३६९ | ३७७८२०६७१ |
| माने भन्ज्याङ सामुदायिक भवन डी.पी.आर | फस्कु इकन प्रा.लि | ४९७८५८ | १६३७२२३३३ |
| जम्मा | | २४,७९,२९०.५७ | ६६,७३,४९,९३० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन।साथै उल्लेखित प्रतिवेदनहरु जिन्सी दाखिला नगरेकोले जिन्सी दाखिला गरेको प्रमाण पेस गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,७९,२९०.५७ |

६८ **सुरक्षित नागरिक आवास कार्यक्रम** - (४१२-२०८१-३-१८):

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ मा संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि घरवार विहिन घर परिवारहरुलाई जस्तापाता सहितको सुरक्षित आवास निर्माण तथा पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी यो कार्यविधि निर्माण भएको भन्ने उल्लेख छ । पालिकाले गाउँपालिका अन्तर्गतका वडाहरुमा विभिन्न परिवारलाई माटो र काठको छानो विस्थापन भनी यस वर्ष ४५ घरपरिवारलाई रु.४८००० प्रति घरपरिवारका दरले जम्मा रु.२१६०००० भुक्तानी गरेको पाईयो। उक्त कार्यक्रम विगत वर्षदेखिकै निरन्तरता रहेको र यस वर्ष पनि तोकिएका घरपरिवारलाई रकम भुक्तानी गरेको गाउँपालिकाले जनाएको छ। सम्बन्धित लाभग्राहीले उक्त रकम प्राप्त गरे नगरेको जस्तापाता खरिद गरि कार्यसम्पन्न भए/नभएको सम्बन्धमा कार्यविधिमा भएको व्यवस्था बमोजिम गाउँपालिकाले अनुगमन निरिक्षण गर्नुपर्दछ ।

६९ **प्राविधिक बिल र कार्य सम्पन्न** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

७० **उपभोक्ता समितिबाट भएको कार्य एवं भुक्तानी प्रक्रिया** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमको ७ वमोजिम प्रत्येक किस्तामा गरेको खर्च सार्वजनिक गरेको सूचना टाँस गर्ने र सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । उ.स.ले गरेको कामको भूक्तानी मागगर्दा विल, भरपाई, वैठक अनुमोदन, खर्च सार्वजनिक तथा सामाजिक परीक्षण गरेको प्रमाण नलिई मूल्याङ्कनको आधारमा भूक्तानी गर्ने परिपाटी अपनाएको छ । प्राप्त विवरण अनुसार यो वर्ष उपभोक्ता समिती मार्फत विभिन्न योजनामा रु. ७,२८,२७,२५४ भुक्तानी भएको छ । उपभोक्ता समितिलाई व्यवस्थित र पारदर्शी गराउन तोकिएको मापदण्ड पूरा गरेपछि मात्र मूल्याङ्कन गरी भूक्तानी गर्नुपर्ने देखिन्छ ।

७१ **लागत सहभागिता** -

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

७२ **खेलमैदान निर्माण जग्गा खरिद** - (४८९-२०८१-३-२४):

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७४।७५, चलानी नं २१३ र मिति २०७५।२।१३ को स्थानीय तहको लागि आवश्यक जग्गा प्राप्ति गर्ने प्रक्रिया सम्बन्धी परिपत्र अनुसार स्थानीय तहले जग्गा प्राप्ति गर्न सक्ने अवस्थाको बारेमा उल्लेख गरेको छ । साथै जग्गा प्राप्ति ऐन, २०३४ ले पनि सार्वजनिक निकायले जग्गा प्राप्त गर्न सक्ने आधार उल्लेख गरेको छ ।पालिकाले वडा सचिव कविता कुमारी न्यौपानेलाई दिएको रु.१० लाखको पेस्की फर्स्यौट गरी खेलमैदान निर्माण कार्यका लागि मानेभन्ज्याङ्ग गाउँपालिका वडा नं ७ का ३ जनासँग कूल ३-१२-३-३ जग्गा खरिद पाइयो । उक्त जग्गा खरिद गर्नका लागि हिउँदे सभाबाट रकम विनियोजन गरेर कार्यपालिकाले मिति २०८०।१२।१३ को निर्णय नं १४ मा निर्णय समेत गरेको देखियो । तर उक्त जग्गा खरिद गर्दा खरिद कार्यको सुचना प्रकाशन नगरी सोझै खरिद गरेको देखियो भने मन्त्रालयको परिपत्रमा उल्लेख भएका अवस्थाको पूर्णपालना

गरेकोमा समेत यकिन हुन सकिएन । मन्त्रालयको उक्त परिपत्र तथा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम नै जग्गा खरिद गरेको सम्बन्धमा पालिकाले अनुगमन र निरिक्षण समेत गर्नुपर्दछ ।

७३ **उपभोक्ता समिति** -

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ (११ औँ संशोधन समेत) को नियम ९७(क) मा रु.५ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• आयोजनाले यो वर्ष विभिन्न १९६ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु.७,२८,२७,२५४ भुक्तानी दिएको छ ।

• उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ ।

• उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यसरी उपभोक्ता समितिहरुबाट निर्माण योजनाको गुणस्तरका बारेमा यकिन हुन सकिने अवस्था रहेन । उपभोक्ता समितिहरुले प्रयोग गरेका सामग्रीहरुको गुणस्तर परीक्षण गरेर मात्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन ।

७४ **जटिलसंरचना निर्माण** –

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| क्र.स. | उपभोक्ता समितिको नाम | कामको विवरण | कूल मूल्याङ्कन | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | बालेथाम खानेपानी लिफ्टिङ्ग योजना उपभोक्ता समिति | खानेपानी लिफ्टिङ्ग | १०८०१८० | ९६०००० |
| २ | अडिमर्दन ग्रामिण सडक ढलान उपभोक्ता समिति | आरसिसि ढलान | ८६०१५३ | ७६८००० |
| **जम्मा** | | | **१९४०३३३** | **१७२८०००** |

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

७५ **हेभी इक्विपमेन्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गो भौ र मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण | हेभी उपकरणमा भएको खर्च |
|---|---|---|---|---|---|
| २६१।२०८१।१।१८ | थलहरी महेश्वरी देवी मन्दिर सडक तथा तारजाली निर्माण उपभोक्ता समिति | सडक निर्माण | १८१३७७ | डोजर | १५२५०० |
| ३११।२०८१।२।१४ | पगरा मोटरबाटो निर्माण उपभोक्ता समिति | सडक निर्माण | १४१४०० | डोजर | ११४०५२ |
| ३३१।२०८१।२।२२ | उदयपुर सिमकाकु सडक स्तरोन्नती उपभोक्ता समिति | सडक निर्माण | ८५९८०० | डोजर | ५४४०९५ |
| ३३८।२०८१।२।२४ | धुसेनी मोटरबाटो निर्माण उपभोक्ता समिति | सडक निर्माण | २८५३२३ | डोजर | ३२७७० |
| ३७७।२०८१।३।१० | गुम्बाडाँडा परागास सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | ४३२००० | डोजर | ४२९९६५ |
| ३९५।२०८१।३।१७ | निकेतन मावि खेलमैदान मर्मत निर्माण उपभोक्ता समिति | खेलमैदान निर्माण | ४८०००० | डोजर | २२५४८१ |
| ४४०।२०८१।३।२१ | राघवपुर धारापानी भालुखोला सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | ३८४००० | डोजर | ३०७३५० |
| ४७१।२०८१।३।२४ | च्यान्टेमाल सडक निर्माण उपभोक्ता समिति | सडक निर्माण | १४०५१३२ | डोजर | ७६२४१२ |
| विविध २६।२०८१।३।१८ | सल्लेरी बेतिनी केतुके अन्तरपालिका सडक जोड्ने उपभोक्ता समिति | सडक निर्माण | ३५८००० | डोजर | ९७२६४ |
| **जम्मा** | | | **४५२७०३२** | | **२६६५८८९** |

७६ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको -**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगायको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

| गो.भौ नं/मिति | उपभोक्ताको नाम | भुक्तानी रकम | निर्माण व्यवसायीको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| ६६।२०८०।९।१८ | केतुके सल्लेरी सडक निर्माण उपभोक्ता समिति | ३३६००० | वाम्बुले कन्स्ट्रक्सन प्रा लि | ३७६६८३ |
| १२२।२०८०।१०।२१ | पुलामी डाडाँ जल्केनी सडक निर्माण उपभोक्ता समिति | २८८००० | गैया देवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३२०९७७ |
| १५०।२०८०।११।१६ | फस्कु सडक निर्माण वडा नं १,२,३ उपभोक्ता समिति | २८८००० | गैया देवी कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ३७१७८५ |
| १९४।२०८०।१२।१२ | सिमकाकु सडक मर्मत योजना उपभोक्ता समिति | २४०००० | कुम्भेश्वर निर्माण सप्लायर्स सेवा प्रा लि | २९२८२० |
| २१९।२०८१।१।१२ | सिमलभन्ज्याङ्ग बोझेखोला माझीगाउँ सडक निर्माण उपभोक्ता समिति | ४७८४०० | भरोसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ५३५९०० |
| २३२।२०८१।१।१३ | सिमपानी मोटरबाटो निर्माण उपभोक्ता समिति | ५५०४५४ | भरोसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ५५०५०० |
| २३३।२०८१।१।१३ | जोडी डाँडा कृषि सडक निर्माण उपभोक्ता समिति | २४०००० | भरोसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २७१६५० |
| २५२।२०८१।१।१४ | राघवपुर युवा क्लव खेलमैदान निर्माण उपभोक्ता समिति | ४८०००० | भरोसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ५४३६०० |
| २६०।२०८१।१।१८ | कार्तिके विलन्दु सडक निर्माण उपभोक्ता समिति | ८६४००० | हरबोट कन्स्ट्रक्सन | ९७९०४५ |
| २७४।२०८१।१।२१ | राघवपुर हर्कदिप मोटरबाटो निर्माण उपभोक्ता समिति | ५७६००० | भरोसा कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ६४८६५० |
| ३१७।२०८१।२।१४ | पोलाम शाखा सडक निर्माण उपभोक्ता समिति | २३३५०० | के.वि.जी. कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २७५७२० |
| ३२०।२०८१।२।१४ | लेवा सडक निर्माण तथा मर्मत वक्सा उपभोक्ता समिति | ४६०४०० | हरबोट कन्स्ट्रक्सन | ५३४७९२ |
| ३४१।२०८१।२।३१ | समावेशी सडक निर्माण उपभोक्ता समिति | १३६६००० | आशा किरण कन्स्ट्रक्सन | १५३००२० |
| ३८२।२०८१।३।१० | वाईली शाखा सडक निर्माण उपभोक्ता समिति | २७३२५४ | हरबोट कन्स्ट्रक्सन | ३११७७० |
| **जम्मा** | | **६६७४००८** | | **७५४३९१२** |

७७ **घटी बिल पेश** - (२३२-२०८१-१-१३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले सिमलपानी मोटरबाटो निर्माण उपभोक्ता समितिलाई कूल मूल्याङ्कन रु.६,१८,०६०.६७ को श्रमदान रु.४२,०६०.६७ कट्टी गरी भुक्तानी दिनुपर्नेमा कूल रु.५,५०,५०० को मात्र भ्याटविल मात्र राखेर भुक्तानी गरेकोले उक्त घटी भएको बिल पेस गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६७,५६० |

७८ **पंखुखोला लिफ्टिङ -**

कोशी प्रदेशको प्रदेश समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४(२) मा प्रदेश सरकारले व्यहोर्ने अंशको सम्बन्धमा आयोजनाको प्रकृति, प्राथमिकता. आवश्यकता, प्राप्त हुन सक्ने सम्भाव्य उपलब्धी, दीगोपना आदिको आधारमा कुल लागनको वढीमा ६५ प्रतिशत सम्म रकम प्रदेश सरकारले समपूरक अनुदानको रुपमा प्रदान गर्न सक्ने व्यवस्था छ ।पंखुखोला लिफ्टिङ खनेपानी निर्माणको अन्तिम मूल्याङ्कन रु.५७.८९,७५७/३४ भएकोमा निर्माण व्यवसायी नर्मदा कन्स्ट्रक्सन सेवालाई प्रदेश सरकार समपूरक अनुदानबाट ६५ प्रतिशत वा रु.३७६३३४२ भुक्तानी हुनुपर्नेमा रु.४६,९०,७५७/०० भुक्तानी भएकोले वढि साझेदारी भएको रकम प्रदेश संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,२७,४१५ |

७९ **योजना प्राथमिकीकरण -**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल २०० योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १२६ | ३ | २१ | १०२ |
| २. | वडास्तरीय | ७४ | ० | ६ | ६८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

८० **लक्ष्य प्रगति -**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतला ्इ जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | |
|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | २०० | ८ | ० | ० | ४ |

शुन्य प्रगति भएको ८ योजना रहेकोमा योजनाको लागतलाई ख्याल नगरी न्यून बजेट विनियोजन नगर्दा सम्झौता नै नभएको पालिकाको भनाई रहेको छ ।

८१ **कन्टिन्जेन्सी खर्चको अभिलेख -**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख नराखेको कारण आ.व २०८०/८१

मा कन्टीन्जेन्सी कट्टी गरी कन्टीन्जेन्सी खर्च रु.७,४४,८६५ गरेको भनी विवरण पेस गरेकोमा छुट्टै कन्टिन्जेन्सी खाता नराखेको कारण वास्तविक कट्टी रकम र कूल खर्च रकम यकिन गर्न सकिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कन्टिन्जेन्सी रकमबाट गर्नुपर्ने प्राविधिक कर्मचारीलाई प्रोत्साहन भत्ता, पानी विजुली महशुल, कार्यालय सामाग्री खरिद र दैनिक भ्रमण भत्ता जस्ता कार्यका लागि बजेट नै विनियोजन भएको अवस्थामा कन्टिनजेन्सी खर्च गर्नु उचित र नियमसम्मत देखिएन ।

८२ **वडा भवन निर्माण -**

मानेभन्ज्याङ गाउँपालिकाको वडा नं.१,२,६ र ८ निर्माणको लागि पिएस बाहेकको रु.१,४१,२२,२९९.७५ लागत अनुमान गरी ठेक्का नं. ०५/०८०/०८१ मार्फत मिति २०८१।०३।२० सम्म रु.९३,६०,८७२.५४ मा निर्माण सम्मपन्न गर्न निर्माण व्यवसायी सप्नावती निर्माण सेवासँग मिति२०८०।११।०४ मा सम्झौता भएको सम्बन्धमा देखिएको व्यहोरा निम्न छन्:

८२.१ समपूरक अनुदान - समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ को दफा ६(१) मा प्रदेश वा स्थानीय तहलाई कुल लागतको ५० प्रतिशत सम्म समपूरक अनुदानको रकम प्रदान गर्न सकिने व्यवस्था छ । पालिकाले ठेक्का नं. ०५/०८०/०८१ को दोस्रो रनिङ बिल सम्म रु.५४,४४,८५३.०८ भुक्तानी गरेकोमा ५० प्रतिशत गाउँपालिकाले साझेदारी गर्नुपर्नेमा सम्पूर्ण रकम संघीय समपूरक अनुदानबाट भुक्तानी भएको छ । यसरी गाउँपालिकाले साझेदारी नगरी समपूरक अनुदानबाट भुक्तानीभएको थप ५० प्रतिशत रकम संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,२२,४२६ |

८२.२ प्रोभिज्नल समको बिल - निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुमान गर्न नसकेका तर संझौता कार्यान्वियनमा असर गर्ने सानातिना खर्च व्यवस्थापनका लागि बिओक्यूमा प्रोभिज्नलसमको व्यस्था गरी सो खर्चको सक्कल बिल भरपाई समेतको खर्च प्रमाणित हुने प्रमाण पेश गर्नु पर्ने व्यवस्था गरेको छ । पालिकाले दोस्रो रनिङ बिलमा पिएस वापत रु.४५,०००।– भुक्तानी गरेकोमा संझौता अनुसार बिल संलग्न नगरेकोले उक्त रकम भुक्तानी दिन नमिल्ने देखिएकोले खर्चको बिलभरपाई पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४५,००० |

८२.३ नापि - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकाले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले निम्न अनुसार ब्रिक वर्कमा सिल र लिन्टेल तथा स्याब ढलानमा भर्याङको खुला भाग नघटाएकोले वढि भुक्तानी भएको रकम असुल गर्नुर्ने रु.

| काम | एकाइ | वडा नं.२ | वडा नं.६ | वडा नं.८ | जम्मा | दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| सिल लिन्टेल | घ मि | ०.४८ | ०.९६ | ०.९६ | २.४ | १५००० | ३६००० |
| सल्याब | घ मि | ० | ०.८७ | ०.८७ | १.७४ | १४५०० | २५२३० |
| म्मा | | | | | | | ६१२३० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६१,२३० |

८२.४ योजनाको म्याद - समपूरक अनुदान सम्बन्धी कार्यविधि,२०७५ को दफा १० समपूरक अनुदानबाट सञ्चालित आयोजना तोकिएको समयमा सम्पन्न हुन नसकेमा त्यस्तो आयोजना स्थानीय तहले आफ्नै स्रोतबाट सम्पन्न गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० मा खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तिमा २१ दिन अगावै निर्धारित अवधिको कार्य सम्पादन जमानत, बीमा र पेश्की सम्बन्धी जमानत तथा संसोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी म्याद थपको निबेदन दिएमा अवधि र कारण खोली म्याद थप गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम १२१ मा तोकिएको म्यादमा काम सम्पन्न

हुन नसकेमा पूर्वनिर्धारित क्षतिपूर्ति तिर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त निर्माण मिति २०८१।०३।२० मा निर्माण कार्य सम्पन्न गर्ने सम्झौता गरेकोमा उक्त अवधिभित्र वडा नं.२,६,८ को निर्माणमा ब्रिक वर्क सहितको छत ढलान र वडा नं.१ को ब्रिक वर्क बाहेक छत ढलान गर्ने काम सम्ममात्र प्रगती भई म्याद सकिएको छ । समयमा कार्य सम्पन्न नगर्ने उक्त निर्माण व्यवसायीलाई कार्य सम्पन्न गर्न ढिलाई गरेको अवधि सम्मको पूर्वनिर्धारित क्षतिपूर्ति लगाई पालिकाले आफ्नै स्रोतबाट बजेट व्यवस्था गरी कार्य सम्पन्न गराउनुपर्दछ ।

८३ **नविकरणीय उर्जा प्रविधि जडान** -

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ अनुसार सम्झौता वमोजिम सम्पन्न भएको कार्य सार्वजनिक निकायले स्वीकार गरेपछी निर्माण व्यवसायीलाई करारको शर्त बमोजिम अन्तिम भुक्तानी दिनुपर्दछ । कार्यलयले नविकरणीय उर्जा प्रविधि जडान अन्तर्गत सडक बत्तीको सामाग्री खरिद र जडान गर्न यमुन सोलार एण्ड इलेक्ट्रोनिक्सलाई रु.७,८०,८०६ अन्तिम भुक्तानी गरेकोमा खरिद गरेको सामाग्री जिन्सी दाखिला गरेको तर जडान भएको प्रमाण संलग्न नगरेको तथा कार्य स्वीकार प्रतिवेदन तयार भएको देखिएन । नियमावलीमा भएको व्यवस्था वमोजिमको कार्य स्वीकार प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,८०,८०६ |

८४ **बिल वेगर पि.एस. भुक्तानी** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने उल्लेख छ ।खरिद सम्झौतामा उल्लेख भएको प्रोभिजनल सम वापतको रकम निर्माण व्यवसायीले सो कार्यमा भएको खर्चको विलभरपाई पेश गरेपछी भुक्तानी गर्नुपर्दछ । कार्यालयले निम्न ठेक्काको बिल भुक्तानी अन्तर्गत पि.एस आइटमको रकम भुक्तानी गर्दा निर्माण व्यवसायीले उक्त खर्चको विल पेश नगरेकोले उक्त खर्च पुष्टिहुने प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु.

| ठेक्का नं | निर्माण व्यवसायीको नाम | पिएसको विवरण | रकम |
|---|---|---|---|
| ०७/०८०/०८१ | के वि जि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | **Cube test** को बिल | ५०००० |
| १०/०८०/०८१ | के वि जि कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | **Cube test** को बिल | ५०००० |
| ३६/०८०/०८१ | कालिका निर्माण सेवा | सुचना पटी | ५००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०५,००० |

८५ **नयाँ आइटममा मूल्य समायोजन भुक्तानी** -

गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि निर्माण व्यवसायी विवश इन्टरनेशनल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि सँग मिति २०७८।०९।०६ मा रु.७६९३१६४१/८७ (मू अ कर समेत) मा सम्झौता भई सोको कार्य सम्पन्न गर्ने म्याद २०८०।०९।०५ सम्म रहेकोमा निर्माण व्यवसायीद्धारा सम्झौता अवधि भित्र कार्य सम्पन्न भई रु.६९१२३०८९।६३ भुक्तानी भएको छ । मूल्य समायोजना वापत मू अ कर सहित रु.९२६८३६१.७० भुक्तानी भएकोमा वि ओ क्यू मा रहेको आईटम नं.१५ मा भवनको सिलिङ प्लास्टरको सट्टा पुटिङ प्रयोग गर्ने निर्णय अनुसार कुल २१८४।०२ वर्ग मिटरको प्रति वर्गमिटर रु.३२५ को दरले जम्मा रु.७०९८०६ भुक्तानी हुँदा समेत मूल्य समायोजन फ्याक्टर ०.१७४ ले रु.१३९८०२ भुक्तानी भएको देखिएकोले नयाँ आइटममा भुक्तानी भएको उक्त रकम असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,३९,८०२ |

८६ **मोलुङ खोला र बालेथुम्का लिफ्टिङ खानेपानी योजना** -

ठेक्का नं.३।०७७।०७८ गाउँपालिकाको वडा नं.५,६,८ र ९ का बासिन्दालाई खानेपानी सेवा उपलब्ध गराउने उद्देश्यका साथ पालिकाले निर्माण व्यवसायी श्री खानी/स्वामी नारायण जे भी सँग मिति २०७८।२।२५ मा रु.७३७५०७१३।८० मा सम्झौता गरी सोको कार्य सम्पन्न गर्ने म्याद २ वर्ष अर्थात २०८०।०३।१५ सम्म रहेकोमा निर्माण व्यवसायीले समयमा कार्य सम्पन्न गर्न नसकेको,

वर्षातको समयमा विद्युतपोल गाड्ने कार्य हुनु नसकेको जस्ता कारणहरु जनाई २ पटक गरी सुरु म्यादको शत प्रतिशत म्याद थप भई अन्तिम म्याद २०८२।०३।१५ सम्म कायम भएको देखिन्छ । शत प्रतिशत अवधि थप हुदाँ समेत वित्तीय प्रगति करिब ५८ प्रतिशत भई कुल रु.४६९४११८६।०६ भुक्तानी भएको छ भने भौतिक प्रगती तयार गरेको देखिएन । खानेपानी सेवा अत्यावश्यक भएको तर कार्य सम्पन्न समयमै हुन नसक्दा लाभवान्वित वर्ग उक्त सुविधाबाट बञ्चित हुन परेको हुँदा समयमै योजना सम्पन्न गराउन गाउँपालिकाले आवश्यक पहल गर्नुपर्दछ ।साथै उक्त निर्माण कार्यको Reservoir Tank, (RVT,1,2,3,4,5 र 6) को Base तथा Shear Wall को Concreting कार्यको ल्याब परिक्षण नगरेको कारण सोको भुक्तानी भएको छैन । सोको Core cutting गरी परिक्षण गर्दा Specification बमोजिम गुणस्तर भएकोले अन्य कार्य सुचारु रहेतापनि उक्त आइटमको कार्य स्थगित रहेको गाउँपालिकाले जनाएको छ । सम्झौता बमोजिम गुणस्तर तथा डिजाइन अनुसार समयमै कार्य सम्पन्न गराउनुपर्दछ ।

८७ **दुधोशी हिलेपानी लिफ्टिङ खानेपानी योजना** -

ठेक्का नं.१०।०७७।०७८ गाउँपालिकाको वडा नं.६ र ७ को नागरिकलाई खानेपानी सेवा उपलब्ध गराउने उद्देश्यले पालिकाले निर्माण व्यवसायी श्री प्याराडाइज/इनोभेटिभ ए .एम जेभी सँग २०७८।५।१५ मा रु.२७५१७८३६।१३ मा सम्झौता गरी सोको कार्य सम्पन्न गर्न शुरु म्याद १० महिना अर्थात २०७९।३।१५ सम्म रहेकोमा समयमा कार्य सम्पन्न नभएको, कार्यालयमा बजेट अभाव रहेको भनि ३ पटक समेत जम्मा ३६ महिना अर्थात शुरु म्यादको करिब ३६० प्रतिशत म्याद थप भएको देखिन्छ । यस सम्बन्धमा निम्नानुसार व्यहोरा देखिएका छन्:

८७.१ कायालयले उक्त कार्यको भौतिक प्रगति तयार नगरेको र यस वर्ष सम्म जम्मा १६६९०४६०।३० भुक्तानी भएको देखिन्छ । खानेपानी सेवा अत्यावश्यक भएको तर कार्य सम्पन्न समयमै हुन नसक्दा लाभवान्वित वर्ग उक्त सुविधाबाट बञ्चित हुन परेको हुँदा समयमै योजना सम्पन्न गराउन गाउँपालिकाले आवश्यक पहल गर्नुपर्दछ ।साथै उक्त निर्माण कार्यको Reservevoire Tank, (RVT,1,4 र ५) को Base तथा Shear Wall को Concreting कार्यको ल्याब परिक्षण नगरेको कारण सोको भुक्तानी भएको छैन । सोकार्य को Core cutting गरी परिक्षण गर्दा Specification बमोजिम गुणस्तर पुरा नभएको उल्लेख छ । सम्झौता बमोजिम डिजाइन तथा गुणस्तर बमोजिम समयमै कार्य सम्पन्न गराउन गाउँपालिकाले आवश्यक पहल गर्नुपर्दछ ।

८७.२ विल भन्दा वढि भुक्तानी - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकाले रनिङ्ग विल वा अन्य कुनै विल बिजकको भुक्तानी गर्दा सम्झौता बमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले दुधकोशी हिलेपानी लिफ्टिङ खानेपानी योजनाको छैठौ रनिङ बिल भुक्तानी गर्दा प्राविधिक बिल रु.३९२७४६८ रहेकोमा प्रदेश समपुरक शिर्षक भौचर नं. १५।८१।०१।१३ बाट रु.२४५९००० र गाउँपालिका पूँजीगत शिर्षक भौचर नं. २२५।०८१।०१।१३ बाट रु.१६४०३४१ समेत रु.४०९९३४१ भुक्तानी भएकोले प्राविधिक विल भन्दा वढि भएको रकम असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४६,१४१ |

८८ **सामाजिक सुरक्षा वितरण** -

पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत जम्मा रू.१०,६६,४७,२४३ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

८८.१ के वाइ सी अद्यावधिक नभएको - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

८८.२ सामाजिक सुरक्षा भत्ता - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बैकं मार्फत रू. सामाजिक सुरक्षा वितरण गरेको छ। बैकंवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकंमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले समयमै लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरू एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

८८.३ निष्क्रिय खाताको विवरण नभएको - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले पहिलो र दोस्रो त्रैमासिक रकम लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैँक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैँकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

८८.४ मृतकको भत्ता वितरण - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणका लागि रकम निकासा गरेकोमा मृत्यु भइसकेका देहायका व्यक्तिहरुको खातामा समेत नगद जम्मा गरेको पाइयो। पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरुको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरुको लगतकट्टा गरि बैकंलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले केहि मृत व्यक्तिहरुको खातामा समेत रकम जम्मा भएको पाइयो। अत : मृत व्यक्तिलाई भुक्तानी भएको रु. २८,६६६ असुल गर्नुपर्ने रु.

| **क्र.सं.** | **नाम** | **परिचय पत्र नम्वर** | **जम्मा हुनुपर्ने रु.** | **जम्मा भएको रु.** | **वढी भुक्तानी भएको रु.** |
|---|---|---|---|---|---|
| १ | तुलिमाया राई | ३२०००० १९१२६०६ | १४६७ | १२००० | १०५३३ |
| २ | भवनाथ जमरकटेल | १९९५०२०१०१८८७ | १०४०० | २४००० | १३६०० |
| ३ | जयप्रसाद गौतम | २००९०९११०१४६८ | ८९०० | १२००० | ३२०० |
| ४ | डम्बर कुमारी राई | २००५०५१७०१२२२ | १०६६७ | १२००० | १३३३ |
| **जम्मा** | | | | | **२८,६६६** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,६६६ |

८८.५ सामाजिक सुरक्षा भत्ता फिर्ता - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । मृत्यु भएको व्यक्तिको तथा लगत कट्टा भएको व्यक्तिको रु.१,२५,६५६ बैंकबाट फिर्ता आएकोमा पालिकाले विविध खातामा जम्मा गरेको पाईयो । नियमानुसार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नु पर्ने रकम फिर्ता नगरेको हुँदा बैंकबाट फिर्ता आएको रु. १,२५,६५६ सहित अन्य सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धमा पालिकाले एकिन गरी सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२५,६५६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : मानेभञ्ज्याङ गाउँपालिका, ओखलढुंगा , मानेभञ्ज्याङ गाउँपालिका , ओखलढुङ्गा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | छविलाल राई | २०७८-१२-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | भोग बहादुर राई | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५२७,४९१ | २,२१८,४४० | १५,७२५,४५४.९५ | ० | ० | ० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १८,४७१,३८५.९५ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १८,४७१,३८५.९५ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७४७२९१८३.३२ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०९३७९५०५.०४ | **चालु खर्च** | ३२२५२१६७७.६८ |
| **प्रदेश सरकारबाट अनुदान** | २३५३५६४० | **पूँजीगत खर्च** | १३४३७३७४३ |
| **राजश्व बाँडफाँट** | ७८४६७२८१.९७ | **वित्तीय/अन्य व्यवस्था** | ७८८९७०१.०३ |
| **आन्तरिक आय** | ५३२२३६३.२७ | | |
| **अन्य आय** | १२०३२७६६.५५ | | |
| **कुल आय** | ४२८७३७५५६.८३ | **कुल खर्च** | ४६४७८५१२१.७१ |
| **बाँकी मौज्दात** | | ३८६८१६१८.४४ | |

# अनुसूची - २

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।